# वार्षिक प्रगति प्रतिवेदन

## आर्थिक वर्ष २०८१/८२

नेपाल सरकार

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

राष्ट्रिय तथ्याङ्क कार्यालय

**तथ्याङ्क समन्वय कार्यालय**

इलाम

सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन, २०६४ को दफा ४१ वमोजिम

# वार्षिक प्रगति प्रतिवेदन

(आर्थिक वर्ष २०८१/८२)

नेपाल सरकार

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

राष्ट्रिय तथ्याङ्क कार्यालय

## तथ्याङ्क समन्वय कार्यालय

इलाम

२०८२

**उद्धरण प्रयोजनार्थः**

तथ्याङ्क समन्वय कार्यालय (वि.सं. २०८२), *वार्षिक प्रगति प्रतिवेदन, २०८१/८२,* इलाम।

तथ्याङ्क समन्वय कार्यालयको वार्षिक प्रगति प्रतिवेदन (पहिलो अङ्क)

आर्थिक वर्ष २०८१/८२

**प्रकाशकः**

नेपाल सरकार

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

राष्ट्रिय तथ्याङ्क कार्यालय

**तथ्याङ्क समन्वय कार्यालय, इलाम**

फोन नं. ०२७-५९०१२०

इमेलः **scoilam@nsonepal.gov.np**

वेबसाइटः **scoilam@nsonepal.gov.np**

प्रकाशन वर्षः २०८२

प्रकाशन प्रतिः

मुद्रकः

**सम्पादनः**

| | |
|---|---|
| नि. तथ्याङ्क समन्वय अधिकारी | प्रेम नेपाल |
| तथ्याङ्क अधिकृत | किरण कुमार राई |
| सुपरिवेक्षक | इशु कुमार कार्की |
| खरिदार | निशान भट्टराई |

**प्रतिवेदन तयारीमा संलग्न अन्य कर्मचारीः**

| | |
|---|---|
| सुपरिवेक्षक | जित बहादुर कोइराला |
| सुपरिवेक्षक | युवराज महत |
| सुपरिवेक्षक | मान बहादुर बगाले थापा |
| सह-लेखापाल | अन्जना दहाल |
| खरिदार | शारदा रिजाल |
| गणक | रामेश्वर साह तेली |
| गणक | विनम भट्टराई |
| गणक | सुजाता साह |

नेपाल सरकार

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

राष्ट्रिय तथ्याङ्क कार्यालय

# तथ्याङ्क समन्वय कार्यालय, इलाम

(ताप्लेजुङ, पाँचथर, इलाम, झापा)



## मन्तव्य

नेपाल सरकार, मन्त्रिपरिषद्को मिति २०८०/०९/१२ को निर्णय अनुसार साविकका ३३ वटा तथ्याङ्क कार्यालयहरु खारेज भई देशभर १८ वटा तथ्याङ्क समन्वय कार्यालयहरु स्थापना भएका छन्। यी कार्यालयहरुमध्ये ताप्लेजुङ, पाँचथर, इलाम र झापा कार्यक्षेत्र रहने गरी इलाम जिल्लामा तथ्याङ्क समन्वय कार्यालय, इलामको स्थापना भएको हो। आर्थिक वर्ष २०८१/८२ देखि यो कार्यालय सञ्चालनमा आएको छ। विभिन्न किसिमका गणना, सर्वेक्षण तथा अध्ययन लगायत अन्य विषयसँग सम्बन्धित तथ्याङ्क संकलन तथा अनुगमनका साथै तथ्याङ्क सम्बन्धी विभिन्न किसिमका तालिम, गोष्ठी लगायतका कार्यक्रमहरू सञ्चालन र तथ्याङ्क प्रणालीको विकासका लागि स्थानीय तह एवं अन्य सरोकारवाला निकायहरूसँग तथ्याङ्कीय समन्वय गर्ने जिम्मेवारीको साथ कार्यालय अघि बढिरहेको छ ।

तथ्याङ्क समन्वय कार्यालय, इलामको पहिलो सञ्चालन वर्षको रुपमा रहेको आर्थिक वर्ष २०८१/८२ को अवधिमा सम्पादन गरिएका कार्यहरु, उपलब्धीहरु तथा गतिविधिहरू समेटेर यस वार्षिक प्रगति प्रतिवेदन सार्वजनिक गरिएको छ। यस प्रतिवेदनमा कार्यालय सम्बन्धी परिचयात्मक विवरणहरु, प्रमुख कार्यक्रमहरू तथा उपलब्धिहरू, विनियोजित बजेट, भौतिक र वित्तीय प्रगति, समस्या र समाधानका उपायहरु, अवसर एवं चुनौतीहरूलाई प्रस्तुत गरिएको छ। यस प्रतिवेदनले कार्यालयको कामहरुको बारेमा बुझ्न तथा कार्यालयको आर्थिक वर्ष २०८१/८२ को प्रगति लेखाजोखा गर्न सहयोग पुऱ्याउने छ। कार्यालयलाई आगामी आर्थिक वर्षका कार्यक्रमहरु सञ्चालन गर्न, आन्तरिक मुल्याङ्कन गर्न, तालुक निकायमार्फत कार्यालयको अनुगमन गर्न तथा लेखापरिक्षण कार्यमा समेत यस प्रतिवेदनले सहयोग पुर्याउने छ।

आर्थिक वर्ष २०८१/८२ को कार्यसम्पादनमा प्रत्यक्ष तथा अप्रत्यक्ष रूपमा सहयोग पुऱ्याउनुहुने सम्पूर्ण सरोकारवाला निकायहरू, उत्तरदाताहरु तथा कार्यालयका सम्पूर्ण कर्मचारीहरूलाई हार्दिक धन्यवाद ज्ञापन गर्दछु। यस प्रतिवेदन तयारीमा संलग्न सुपरिवेक्षक श्री इशु कुमार कार्की, खरिदार श्री निशान भट्टराई लगायत सम्पूर्ण कर्मचारीहरुलाई धन्यवाद दिन चाहान्छु। प्रयोगकर्ताहरुको रचनात्मक सुझाव तथा पृष्ठपोषणको अपेक्षा गर्दै आगामी दिनमा अझ प्रभावकारी, विश्वसनीय र प्रयोगमैत्री तथ्याङ्क उत्पादन तथा सेवा प्रवाहमा कार्यालय निरन्तर रहने प्रतिबद्धता व्यक्त गर्दछु।

कार्तिक, २०८२

प्रेम नेपाल

**नि. तथ्याङ्क समन्वय अधिकारी**

# विषय सूची


| शिर्षक | पेज नं. |
|---|---|
| **परिच्छेद १: परिचय** | |
| १.१ पृष्ठभूमी | १ |
| १.२ राष्ट्रिय तथ्याङ्क कार्यालयको गठन | १ |
| १.३ राष्ट्रिय तथ्याङ्क कार्यालयको काम, कर्तव्य र अधिकार | १ |
| १.४ राष्ट्रिय तथ्याङ्क कार्यालयको संगठन संरचना | २ |
| १.५ तथ्याङ्क समन्वय कार्यालय, इलामको परिचय | २ |
| १.६ तथ्याङ्क समन्वय कार्यालय, इलामका मुख्य मुख्य कार्यहरु | २ |
| १.७ नागरिक वडापत्र | ३ |
| १.८ तथ्याङ्क समन्वय कार्यालय, इलामको संगठन संरचना | ५ |
| १.९ तथ्याङ्क समन्वय कार्यालय, इलामको दरबन्दी तेरिज | ५ |
| १.१० तथ्याङ्क समन्वय कार्यालय, इलामका हालसम्मका कार्यालय प्रमुखहरुको नामावली | ६ |
| १.११ आर्थिक वर्ष २०८१/८२ को कर्मचारी विवरण | ६ |
| **परिच्छेद २: प्रमुख कार्यक्रम तथा उपलब्धीहरु** | |
| **२.१ तथ्याङ्क समन्वय कार्यालय, इलामबाट आर्थिक वर्ष २०८१/८२मा सम्पादित नियमित कार्यक्रमहरु** | |
| २.१.१ त्रैमासिक राष्ट्रिय लेखा सम्बन्धी तथ्याङ्क सङ्कलन | ८ |
| २.१.२ कृषि वस्तुहरुको उत्पादकको मूल्य सूचकाङ्क (API) सम्बन्धी तथ्याङ्क सङ्कलन | ८ |
| २.१.३ औद्योगिक उत्पादन तथा उत्पादक मूल्य सूचकाङ्क ( MPI/MPPI) सम्बन्धी तथ्याङ्क सङ्कलन | ९ |
| २.१.४ निर्माण क्षेत्रको लागत मूल्य सूचकाङ्क (IPICS) सम्बन्धी तथ्याङ्क सङ्कलन | ९ |
| २.१.५ वार्षिक राष्ट्रिय लेखा | १० |
| **२.२ तथ्याङ्क समन्वय कार्यालय, इलामबाट आर्थिक वर्ष २०८१/८२ मा सम्पादित अन्य कार्यक्रमहरु** | |
| २.२.१ अन्तर्राष्ट्रिय तुलना कार्यक्रम (International Comparision Program) | १० |
| २.२.२ गणना/सर्वेक्षण/अध्ययनहरू | १० |
| २.२.३ स्थानीय तहमा राष्ट्रिय तथ्यगत विवरण (NDP) कार्यान्वयनको अनुगमन | १३ |
| २.२.४ तथ्याङ्कीय व्यवसायिक रजिष्टर (SBR) अद्यावधिक कार्य | १४ |
| २.२.५ मत्स्य तथा वन तथ्याङ्क अद्यावधिक कार्य | १४ |

२.२.६ आर्थिक गणनाको प्रश्नावली परीक्षण १४
२.२.७ स्थानीय तहहरुको गणना क्षेत्र नक्साङ्कन तयारीका लागि भौगोलिक तथ्याङ्क संकलन १४
२.२.८ पालिका प्रोफाइल निर्माण १५
२.२.९ स्थानीय तहमा राष्ट्रिय तथ्यगत विवरण (NDP) को कार्यान्वयन सम्बन्धी समीक्षा गोष्ठी १५
२.२.१० तथ्याङ्कीय साक्षरता तथा क्षमता अभिवृद्धि कार्यक्रम १५

**परिच्छेद ३: बजेट तथा भौतिक र वित्तीय प्रगति**
३.१ आर्थिक वर्ष २०८१/८२ को वजेट र खर्चको सारांश १६
३.२ भौतिक तथा वित्तीय प्रगति १७

**परिच्छेद ४: आर्थिक प्रशासन तथा जिन्सी**
४.१ वेरुजु र वेरुजु फछ्र्यौटको अवस्था १८
४.२ जिन्सी सामानको व्यवस्थापन १८

**परिच्छेद ५: प्रशासन तथा व्यवस्थापन**
५.१ अभिलेख व्यवस्थापन १९
५.२ गुनासो तथा उजुरी व्यवस्थापन १९
५.३ जनशक्ति व्यवस्थापन तथा तालिम १९
५.४ पुस्तकालय व्यवस्थापन २०

**परिच्छेद ६: समस्या, समाधानका उपायहरु, अवसर र चुनौतिहरु**
६.१ समस्या र समाधानका उपायहरु २१
६.२ अवसर २२
६.३ चुनौतिहरु २२

# तालिका-सूची


| | | |
|---|---|---|
| तालिका १ | नागरिक वडापत्र | ४ |
| तालिका २ | तथ्याङ्क समन्वय कार्यालय, इलामको दरबन्दी तेरिज | ५ |
| तालिका ३ | तथ्याङ्क समन्वय कार्यालय, इलामका हालसम्मका कार्यालय प्रमुखहरुको नामावली | ६ |
| तालिका ४ | आर्थिक वर्ष २०८१/८२ को कर्मचारी विवरण | ७ |
| तालिका ५ | राष्ट्रिय लेखा आधार वर्ष परिवर्तनका लागि तोकिएका जिल्लागत तथा क्षेत्रगत नमुना संख्या | ११ |
| तालिका ६ | आर्थिक वर्ष २०८१/८२ को वजेट र खर्चको सारांश | १६ |
| तालिका ७ | भौतिक तथा वित्तीय प्रगति | १७ |
| तालिका ८ | आर्थिक वर्ष २०८१/८२ मा कर्मचारीहरुले लिएको तालिम सम्बन्धी विवरण | १९ |
| तालिका ९ | तथ्याङ्क समन्वय कार्यालय, इलामका समस्या र समाधानका उपायहरु | २१ |


# चित्र-सूची


| | | |
|---|---|---|
| चित्र १.१ | तथ्याङ्क समन्वय कार्यालय, इलामको संगठन संरचना | ५ |


# अनुसूची


| | | |
|---|---|---|
| अनुसूची १ | त्रैमासिक राष्ट्रिय लेखा सम्बन्धी तथ्याङ्क सङ्कलन गर्ने र केन्द्रमा पठाउने समयसीमा | २३ |
| अनुसूची २ | त्रैमासिक राष्ट्रिय लेखा सम्बन्धी तथ्याङ्क सङ्कलन गरिने कार्यालय/प्रतिष्ठान/संस्थाहरु | २४ |
| अनुसूची ३ | कृषि वस्तुहरुको उत्पादकको मूल्य सूचकाङ्क सम्बन्धी तथ्याङ्क सङ्कलन गर्ने र केन्द्रमा पठाउनुपर्ने समयसीमा | २५ |
| अनुसूची ४ | कृषि वस्तुहरुको उत्पादकको मूल्य सूचकाङ्क सम्बन्धी तथ्याङ्क सङ्कलन गरिने अगुवा कृषकहरुको विवरण | २६ |
| अनुसूची ५ | औद्योगिक उत्पादन तथा उत्पादकको मूल्य सूचकाङ्क (MPI/PPI) सम्बन्धी तथ्याङ्क सङ्कलन गर्ने र केन्द्रमा पठाउने समयसीमा | २७ |
| अनुसूची ६ | औद्योगिक उत्पादन तथा उत्पादकको मूल्य सूचकाङ्क (MPI/PPI) सम्बन्धी तथ्याङ्क गरिने प्रतिष्ठानहरुको विवरण | २८ |
| अनुसूची ७ | निर्माण क्षेत्रको लागत मूल्य सूचकाङ्क सम्बन्धी तथ्याङ्क सङ्कलन गर्ने र केन्द्रमा पठाउने समयसीमा | २९ |
| अनुसूची ८ | निर्माण क्षेत्रको लागत मूल्य सूचकाङ्क सम्बन्धी तथ्याङ्क सङ्कलन गरिने प्रतिष्ठानहरुको विवरण | ३० |
| अनुसूची ९ | वार्षिक राष्ट्रिय लेखाका लागि तथ्याङ्क सङ्कलन गरिने प्रतिष्ठानहरुको विवरण | ३१ |
| अनुसूची १० | केही फोटोहरु | ३४ |

# सारांश

सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन, २०६४ को दफा ४१ मा सरकारी कार्यालयहरुले आर्थिक वर्षभरि सञ्चालन गरेका कार्यक्रम, सम्पन्न गरेको काम र त्यस्तो कामको अवस्थिति तथा प्रगति र लागत लगायतका अन्य आवश्यक कुराहरू समेत समावेश गरी वार्षिक प्रतिवेदन तयार गरी तालुक कार्यालयमा पेश गर्नु पर्ने व्यवस्था रहेको छ। सूचनाको हक सम्बन्धी ऐन, २०६४ ले नागरिकको सूचना पाउने अधिकारको व्यवस्था गरेको छ। यीनै कानूनहरुमा टेकेर तथ्याङ्क समन्वय कार्यालय, इलामबाट आर्थिक वर्ष २०८१/८२ मा सम्पादन भएका कार्यहरु, उपलब्धीहरु तथा गतिविधिहरू लगायतका विषयहरु समेटेर यस वार्षिक प्रगति प्रतिवेदन सार्वजनिक गरिएको छ।

ताप्लेजुङ, पाँचथर, इलाम र झापा कार्यक्षेत्र रहेको तथ्याङ्क समन्वय कार्यालय, इलाम आर्थिक वर्ष २०८१/८२ देखि सञ्चालनमा आएको हो। विभिन्न किसिमका गणना, सर्वेक्षण तथा अध्ययन लगायत अन्य विषयसँग सम्बन्धित तथ्याङ्क संकलन तथा अनुगमनका साथै तथ्याङ्क सम्बन्धी विभिन्न किसिमका तालिम, गोष्ठी लगायतका कार्यक्रमहरू सञ्चालन र तथ्याङ्क प्रणालीको विकासका लागि स्थानीय तह एवं अन्य सरोकारवाला निकायहरूसँग तथ्याङ्कीय समन्वय गर्ने जिम्मेवारीको साथ यो कार्यालय अघि बढिरहेको छ। आर्थिक वर्ष २०८१/८२ मा तथ्याङ्क समन्वय कार्यालय, इलामबाट सीमित जनशक्ति र स्रोत-साधनको बाबजुद पनि राष्ट्रिय तथ्याङ्क कार्यालयबाट निर्देशित विभिन्न नियमित कार्यक्रमहरूका साथै आर्थिक वर्ष २०८१/८२ को लागि बिनियोजित अन्य कार्यक्रमहरु तोकिएको समयसीमाभित्र सफलतापूर्वक सम्पन्न भएको छ। यस प्रतिवेदनमा कार्यालय सम्बन्धी परिचयात्मक विवरणहरु, प्रमुख कार्यक्रमहरू तथा उपलब्धिहरू, बिनियोजित बजेट, भौतिक र वित्तीय प्रगति, समस्या र समाधानका उपायहरु, अवसर एवं चुनौतीहरूलाई प्रस्तुत गरिएको छ।

यस प्रतिवेदनमा जम्मा छ वटा परिच्छेदहरु रहेका छन्। परिच्छेद १ मा कार्यालय सम्बन्धी विवरणहरु प्रस्तुत गरिएको छ। जसमा पृष्ठभूमी, राष्ट्रिय तथ्याङ्क कार्यालयको गठन, काम, कर्तव्य र अधिकारहरु तथा संगठन संरचनाका साथै तथ्याङ्क समन्वय कार्यालय, इलामको परिचय, कार्यहरु, नागरिक वडापत्र, संगठन संरचना, दरबन्दी तेरिज, हालसम्मका कार्यालय प्रमुखहरुको नामावली तथा कर्मचारी विवरणलाई समावेश गरिएको छ। परिच्छेद २ मा आर्थिक वर्ष २०८१/८२ मा सम्पादित प्रमुख कार्यक्रम तथा उपलब्धीहरु प्रस्तुत गरिएको छ। परिच्छेद ३ मा आर्थिक वर्ष २०८१/८२ को वजेट र खर्चको सारांश तथा भौतिक एवं वित्तीय प्रगति प्रस्तुत गरिएको छ। परिच्छेद ४ मा आर्थिक प्रशासन तथा जिन्सी सम्बन्धी विवरणहरु प्रस्तुत गरिएको छ। परिच्छेद ५ मा प्रशासन तथा व्यवस्थापन सम्बन्धी विषयहरुहरु उल्लेख गरिएको छ। परिच्छेद ६ मा कार्यालयका समस्या, समाधानका उपायहरु, अवसर र चुनौतिहरुलाई प्रस्तुत गरिएको छ।

तथ्याङ्क समन्वय कार्यालय, इलामबाट आर्थिक वर्ष २०८१/८२ मा नियमित कार्यक्रम तर्फ मुल्य तथ्याङ्क सम्बन्धी तीन वटा र त्रैमासिक तथा वार्षिक राष्ट्रिय लेखा सम्बन्धी दुई वटा गरी जम्मा पाँच वटा कार्यक्रमहरु सम्पन्न भएका छन्। यसबाहेक आर्थिक वर्ष २०८१/८२ को लागि बिनियोजित कार्यक्रमहरु मध्ये राष्ट्रिय लेखा आधार वर्ष परिवर्तनका लागि सञ्चालित गणना, सर्वेक्षण तथा अध्ययन कार्य, आन्तरिक पर्यटन सर्वेक्षण, व्यवसायिक कुखुरापालन सर्वेक्षण, नाफा नकमाई घरपरिवारलाई सहयोग गर्ने संस्थाहरू सम्बन्धी सर्वेक्षण, नेपाल शिक्षण संस्था सर्वेक्षण, आवासीय घर र अपार्टमेन्ट भाडा सर्वेक्षण, अस्थायी बाली उत्पादन लागत अध्ययन, स्थानीय तहमा राष्ट्रिय तथ्यगत विवरण कार्यान्वयनको अनुगमन, तथ्याङ्कीय व्यवसायिक रजिष्टर अद्यावधिक कार्य, मत्स्य तथा वन तथ्याङ्क अद्यावधिक कार्य, आर्थिक गणनाको प्रश्नावली परीक्षण, स्थानीय तहहरुको गणना क्षेत्र नक्साङ्कन तयारीका लागि भौगोलिक तथ्याङ्क संकलन, पालिका प्रोफाइल निर्माण, स्थानीय तहमा राष्ट्रिय तथ्यगत विवरणको कार्यान्वयन सम्बन्धी समीक्षा गोष्ठी र तथ्याङ्कीय साक्षरता तथा क्षमता अभिवृद्धि कार्यक्रमहरु सम्पन्न भएका छन्।

कार्यालयमा विनियोजन भएका कार्यक्रमहरुमध्ये आर्थिक गणनाको तथ्याङ्क आवश्यकता विषयमा सरोकारवालासँग अन्तरक्रिया कार्यक्रम कर्मचारीको अभाव र अन्य कार्यक्रमहरुको चापका कारणले सम्पन्न हुन सकेन । Ratio Mathod of Population Projection प्रयोग गरी कार्यक्षेत्रका सबै स्थानीय तहहरुको Population Profile अद्यावधिक गर्ने कार्यक्रम राष्ट्रिय तथ्याङ्क कार्यालयबाट Population Projection सम्बन्धी आवश्यक तथ्याङ्क उपलब्ध नभएकोले सम्पन्न हुन सकेन।

आर्थिक वर्ष २०८१/८२ मा तथ्याङ्क समन्वय कार्यालय, इलामको भौतिक प्रगति अन्तर्गत चालुतर्फ ८९.६ प्रतिशत र पुँजीगततर्फ १०० प्रतिशत प्रगति भएको छ भने वित्तीय प्रगति अन्तर्गत चालुतर्फ ८२.७ प्रतिशत र पुँजीगततर्फ ९९.३१ प्रतिशत प्रगति भएको छ। तथ्याङ्क समन्वय कार्यालय, इलाममा आर्थिक वर्ष २०८१/८२ मा कुनै पनि किसिमको वेरुजु सिर्जना भएको छैन।

# परिच्छेद १: कार्यालय सम्बन्धी विवरण

## १.१ पृष्ठभूमी

नेपालमा आवधिक योजनाको प्रारम्भ भएको दुई वर्षपछि अर्थात वि.सं. २०१५ मा तथ्याङ्क ऐन, २०१५ जारी भई सोही ऐन बमोजिम तथ्याङ्क सङ्कलन, सङ्ग्रह, प्रशोधन, विश्लेषण, प्रकाशन र प्रसारका लागि केन्द्रीय निकायको रूपमा वि.सं. २०१५ साल पुस १७ गते केन्द्रीय तथ्याङ्क विभाग (CBS) को स्थापना भएको थियो। यो विभाग सुरुमा अर्थ मन्त्रालय, त्यसपछि अर्थ आर्थिक विषय मन्त्रालय अन्तर्गत रहँदै पछिल्लो समय राष्ट्रिय योजना आयोग मातहत रहेर कार्य सम्पादन गरेको थियो। यसले मुख्यतया जनगणना र सर्वेक्षणमार्फत समयसापेक्ष र भरपर्दो सामाजिक, आर्थिक, वातावरणीय लगायतका तथ्याङ्कहरू उत्पादन गर्दै आएको तथ्य स्मरणीय छ। केन्द्रीय तथ्याङ्क विभाग स्थापना गर्नुको मुख्य उद्देश्य विकास योजना तथा नीति तर्जुमा र निर्णय निर्माणको लागि राष्ट्रिय योजना आयोग एवं अन्य सरकारी निकायहरूलाई आवश्यक तथ्याङ्क उपलब्ध गराउनु हो।

वि.सं. २०१७ सालमा तथ्याङ्क नियमावली जारी हुनु र निजामती सेवा ऐन, २०४९ अन्तर्गत नेपाल आर्थिक योजना तथा तथ्याङ्क सेवा तथा तथ्याङ्क समूहको गठन हुनु पनि नेपालको तथ्याङ्कीय विकासक्रमका महत्वपूर्ण तथा अविस्मरणीय घटनाहरू मानिन्छन्। वि.सं. २०५० मा केन्द्रीय तथ्याङ्क विभाग अन्तर्गत ३३ वटा शाखा तथ्याङ्क कार्यालयहरू स्थापना गरिएका थिए, जसलाई वि.सं. २०८१ साल श्रावण १ गतेदेखि १८ वटा तथ्याङ्क समन्वय कार्यालयमा रूपान्तरण गरिएको छ।

## १.२ राष्ट्रिय तथ्याङ्क कार्यालयको गठन

विक्रम सम्वत् २०७९ भाद्र २८ मा नयाँ तथ्याङ्क ऐन, २०७९ जारी गरियो। यस ऐनले विगतको केन्द्रीय तथ्याङ्क विभागलाई राष्ट्रिय तथ्याङ्क कार्यालयमा स्तरोन्नति गर्ने प्रावधान राख्यो। फलस्वरुप विक्रम सम्वत् २०७९ आश्विन २७ गते राष्ट्रिय तथ्याङ्क कार्यालयको स्थापना भयो। हाल यो कार्यालय प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय अन्तर्गत रहेको छ। विगतमा केन्द्रीय तथ्याङ्क विभागको नेतृत्व महानिर्देशक (राजपत्रांकित प्रथम श्रेणी, प्राविधिक) बाट भएको थियो भने हाल राष्ट्रिय तथ्याङ्क कार्यालयको नेतृत्व प्रमुख तथ्याङ्क अधिकारी (राजपत्रांकित विशिष्ट श्रेणी, सचिव) बाट भइरहेको छ।

## १.३ राष्ट्रिय तथ्याङ्क कार्यालयको काम, कर्तव्य र अधिकार

तथ्याङ्क ऐन, २०७९ को दफा २४ मा राष्ट्रिय तथ्याङ्क कार्यालयको काम, कर्तव्य र अधिकारलाई देहायअनुसार उल्लेख गरिएको छ।

(क) तथ्याङ्क सम्बन्धी नीति, योजना तथा रणनीतिको मस्यौदा तयार गरी परिषद् समक्ष पेस गर्ने,

(ख) कार्यालयले सङ्कलन गर्नुपर्ने तथ्याङ्कका लागि गणना, सर्वेक्षण लगायतका अन्य क्षेत्रगत तथ्याङ्क सम्बन्धी कार्यसञ्चालन कार्ययोजना तयार गरी कार्यान्वयन गर्ने,

(ग) योजना तर्जुमा तथा नीति निर्धारणका लागि नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहलाई आवश्यक तथ्याङ्क उपलब्ध गराउने,

(घ) तथ्याङ्कको स्तर निर्धारण तथा प्रमाणीकरण सम्बन्धी कार्य गर्ने,

(ङ) तथ्याङ्क सम्बन्धी अभिलेखको सुरक्षा गर्ने,

(च) तथ्याङ्क सम्बन्धी विवरण प्रकाशन तथा वितरणको व्यवस्था गर्ने,

(छ) केन्द्रीय तथ्याङ्क (डाटा) बैंङ्कको रुपमा कार्य गर्ने,

(ज) प्रदेश र स्थानीय तहले सङ्कलन गरेको तथ्याङ्क प्राप्त गरी राष्ट्रिय तथ्याङ्क प्रणालीमा आबद्ध गर्ने,

(झ) प्रदेश र स्थानीय तहको तथ्याङ्क प्रणालीको विकासमा सहयोग गर्ने,

(ञ) प्रचलित कानून बमोजिम तथ्याङ्क सङ्कलन सम्बन्धी काम गर्ने निकायको तथ्याङ्क सम्बन्धी क्षमता अभिवृद्धिमा सहयोग गर्ने,

(ट) यस ऐन बमोजिम हुने तथ्याङ्क सङ्कलनसँग सम्बन्धित विषयको परीक्षण, अनुगमन, निरीक्षण तथा सुपरिवेक्षण गर्ने,

(ठ) तथ्याङ्क सम्बन्धी अध्ययन, अनुसन्धान तथा प्रशिक्षण सम्बन्धी काम गर्ने, र

(ड) नेपाल सरकार वा आयोगले माग गरेको तथ्याङ्क सम्बन्धी विवरण वा सूचना उपलब्ध गराउने।

## १.४ राष्ट्रिय तथ्याङ्क कार्यालयको संगठन संरचना

राष्ट्रिय तथ्याङ्क कार्यालयको प्रमुखमा नेपाल सरकारको राजपत्राङ्कित विशिष्ठ श्रेणीको प्रमुख तथ्याङ्क अधिकारी रहने व्यवस्था रहेको छ। राष्ट्रिय तथ्याङ्क कार्यालय अन्तर्गत ४ वटा महाशाखाहरु र २० वटा शाखाहरु रहेका छन्। यसका साथै राष्ट्रिय तथ्याङ्क कार्यालयबाट सञ्चालन हुने तथ्याङ्क सम्बन्धी कार्यक्रमहरुको कार्यान्वयनका लागि ३ देखि ६ जिल्ला कार्यक्षेत्र हुने गरी १८ वटा जिल्लामा तथ्याङ्क समन्वय कार्यालयहरु स्थापना भएका छन्।

## १.५ तथ्याङ्क समन्वय कार्यालय, इलामको परिचय

नेपाल सरकार, मन्त्रिपरिषद्को मिति २०८०/०९/१२ को निर्णयअनुसार प्रधानमन्त्री तथा मन्त्रिपरषद्को कार्यालय अन्तर्गत रहेको राष्ट्रिय तथ्याङ्क कार्यालयको मातहतका साविकका ३३ वटा कार्यालयहरु खारेज भई १८ वटा तथ्याङ्क समन्वय कार्यालयहरुको स्थापना भएकोमा सो मध्ये एक कार्यालयको रुपमा तथ्याङ्क समन्वय कार्यालय, इलामको स्थापना भएको हो। यो कार्यालय इलाम जिल्ला, इलाम नगरपालिका वडा नम्बर ७, फूलगाछी रोडमा रहेको छ। विकास सम्बन्धी नीति तथा योजना निर्माणका लागि आवश्यक तथ्याङ्क सङ्कलन तथा अन्य तथ्याङ्कीय गतिविधिहरु सञ्चालन गर्ने भुमिका खेल्ने कार्यालयको रुपमा स्थापित यस कार्यालयको कार्य क्षेत्र ताप्लेजुङ, पाँचथर, इलाम र झापा गरी ४ वटा जिल्लाहरु रहेका छन्।

## १.६ तथ्याङ्क समन्वय कार्यालय, इलामका मुख्य मुख्य कार्यहरु

(क) राष्ट्रिय तथ्याङ्क कार्यालयबाट सञ्चालन गरिने विभिन्न गणना तथा सर्वेक्षणहरुको व्यवस्थापन, जनशक्ति छनौट, तालिम सञ्चालन, तथ्याङ्क सङ्कलन, अनुगमन तथा सुपरिवेक्षण गर्ने,

(ख) वार्षिक तथा त्रैमासिक राष्ट्रिय लेखा अनुमान र मूल्य सूचकाङ्कको लागि आवश्यक तथ्याङ्क सङ्कलन गर्ने,

(ग) तथ्याङ्कीय व्यवसायिक रजिष्टर निर्माणको लागि आवश्यक विवरणहरु सङ्कलन गर्ने,

(घ) गणना तथा सर्वेक्षणहरुको प्रयोजनार्थ गणना क्षेत्र नक्साङ्कनसम्बन्धी कार्य गर्ने,

(ङ) स्थानीय तहहरुसँगको समन्वयमा राष्ट्रिय तथ्यगत विवरण (NDP) को कार्यान्वयन तथा अन्य तथ्याङ्कीय क्रियाकलापहरु सम्बन्धी कार्य गर्ने,

(च) जिल्लास्तरमा विभिन्न सरोकारवालाहरुसँग तथ्याङ्कीय विषयमा आवश्यक समन्वय, छलफल, अन्तरक्रिया तथा गोष्ठीहरु सञ्चालन गर्ने,

(छ) राष्ट्रिय तथ्याङ्कको प्रादेशिक डाटाबेस तयार गर्न आवश्यक तथ्याङ्क उपलब्ध गराउने,

(ज) जिल्ला तथा स्थानीय तहहरुको तथ्याङ्कीय प्रतिवेदन तथा वस्तुगत विवरण तया  गर्ने,

(झ) राष्ट्रियस्तरको तथ्याङ्क सङ्कलनका लागि सर्वेक्षण अनुमति प्राप्त गरेका निकाय तथा संघ-संस्थाले स्थानीय तहमा गर्ने तथ्याङ्क सङ्कलन सम्बन्धी कार्यको अनुगमन गर्ने,

(ञ) तथ्याङ्कको प्रयोगकर्ताहरुलाई मागबमोजिमको आवश्यक तथ्याङ्क उपलव्ध गराउने,

(ट) विभिन्न क्षेत्रका अध्ययन तथा अन्य तथ्याङ्कीय प्रयोजन सम्बन्धी आवश्यक तथ्याङ्क सङ्कलन गर्ने,

(ठ) विभिन्न निकायहरुलाई राष्ट्रिय तथ्याङ्क कार्यालय मार्फत सुक्ष्म कोरा तथ्याङ्क प्राप्तिको लागि सहजीकरण गर्ने,

(ड) सरकारी निकाय वा सार्वजनिक संस्थालाई तथ्याङ्क सम्बन्धी कार्यमा सहयोग गर्ने,

(ढ) राष्ट्रिय तथ्याङ्क प्रणालीको स्तरोन्नतिका लागि राष्ट्रिय तथ्याङ्क कार्यालयको निर्देशन बमोजिमका अन्य कामहरु गर्ने।

## १.७ नागरिक वडापत्र

नागरिक वडापत्र भनेको सरकारी वा सार्वजनिक निकायले नागरिकलाई दिने सेवा, प्रक्रिया, समय, शुल्क, जिम्मेवार अधिकारी लगायतका विषयहरु स्पष्ट रूपमा उल्लेख गरिएको सूचनापत्र हो। नागरिक वडापत्रको उद्देश्य कार्यालयबाट प्रदान गरिने सेवामा पारदर्शिता, शीघ्रता, सरलता र उत्तरदायित्व कायम गर्नु हो। तथ्याङ्क समन्वय कार्यालय, इलाममा उपलब्ध हुने सेवाका प्रकार, सेवा प्राप्त गर्न पेश गर्नुपर्ने कागजात, सेवा प्राप्त गर्न लाग्ने समय, लाग्ने दस्तुर र जिम्मेवार फाँट/कर्मचारी सम्बन्धमा सेवाग्राहीहरुलाई स्पष्ट जानकारी दिनका लागि नागरिक बडापत्रको व्यवस्था गरिएको छ (तालिका १)।


*तालिका १: नागरिक वडापत्र*

| क.सं. | सेवाका प्रकार | पेश गर्नुपर्ने कागजात | सेवा प्राप्त गर्न लाग्ने समय | लाग्ने दस्तुर | जिम्मेवार फाँट/कर्मचारी | कैफियत |
|---|---|---|---|---|---|---|
| 1. | गणना सम्बन्धी सूक्ष्म कोरा तथ्याङ्क बिक्री | सूक्ष्म कोरा तथ्याङ्कको प्रयोगको प्रयोजन खुलाई लिखित निवेदन र निवेदकको परिचय पत्रको प्रतिलिपि | राजस्व प्राप्त भएको ३ कार्यदिन भित्र | (क) नेपाल स्थित विद्यालय/ क्याम्पस/ विश्वविद्यालयका विद्यार्थी रु. ४,००० ।<br>(ख) नेपाल स्थित विद्यालय/ क्याम्पस/ विश्वविद्यालयका विद्यार्थी बाहेक अन्य नेपाली नागरिक रु.५,००० ।<br>(ग) सरकारी निकाय/संस्था/राष्ट्रिय गैरसरकारी संस्था रु. ८,००० । | तथ्याङ्क समन्वय अधिकारी/कार्यालय प्रमुख वा निजले तोकेको अधिकृत | यस कार्यालयले राष्ट्रिय तथ्याङ्क कार्यालय मार्फत सुक्ष्म कोरा तथ्याङ्क प्राप्तिको लागि सहजीकरण गर्ने |
| २. | सर्वेक्षण सम्बन्धी सूक्ष्म कोरा तथ्याङ्क बिक्री | सूक्ष्म कोरा तथ्याङ्कको प्रयोगको प्रयोजन खुलाई लिखित निवेदन र निवेदकको परिचय पत्रको प्रतिलिपि | राजस्व प्राप्त भएको ३ कार्यदिन भित्र | (क) नेपाल स्थित विद्यालय/ क्याम्पस/ विश्वविद्यालयका विद्यार्थी रु. २५०० ।<br>(ख) नेपाल स्थित विद्यालय/ क्याम्पस/ विश्वविद्यालयका विद्यार्थी बाहेक अन्य नेपाली नागरिक रु. ३००० ।<br>(ग) सरकारी निकाय/ संस्था /राष्ट्रिय गैरसरकारी संस्था रु. ५००० । | तथ्याङ्क समन्वय अधिकारी/कार्यालय प्रमुख वा निजले तोकेको अधिकृत | यस कार्यालयले राष्ट्रिय तथ्याङ्क कार्यालय मार्फत सुक्ष्म कोरा तथ्याङ्क प्राप्तिको लागि सहजीकरण गर्ने |
| 3. | सरकारी निकाय वा सार्वजनिक संस्थालाई तथ्याङ्क सम्बन्धी कार्यमा सहयोग गर्ने | लिखित निवेदन र निर्णयको प्रतिलिपि | | | तथ्याङ्क समन्वय अधिकारी/कार्यालय प्रमुख वा निजले तोकेको अधिकृत | लाग्ने खर्च सम्बन्धित निकाय वा संस्थाले व्यहोर्नु पर्ने |
| ४. | प्रकाशन वितरण | लिखित निवेदन र निवेदकको परिचय पत्रको प्रतिलिपि | निवेदन प्राप्त भएकै दिन | निःशुल्क | प्रशासन शाखा | कार्यालयमा उपलब्ध भएसम्म |
| ५. | पुस्तकालय सेवा | परिचय खुल्ने कागजात | कार्यालय समयभित्र | निःशुल्क | प्रशासन शाखा | |

## १.८ तथ्याङ्क समन्वय कार्यालय, इलामको संगठन संरचना

तथ्याङ्क समन्वय कार्यालय, इलाममा कार्यालय प्रमुखको रुपमा नेपाल आर्थिक योजना तथा तथ्याङ्क सेवाका राजपत्राङ्कित द्धितीय श्रेणीका तथ्याङ्क समन्वय अधिकारीको नेतृत्व रहने व्यवस्था छ । कार्यालयमा प्रशासन शाखा र तथ्याङ्क शाखा गरी २ वटा शाखाहरु रहेका छन्। प्रशासन शाखामा १ जना तथ्याङ्क अधिकृत, २ जना खरिदार, १ जना सहलेखापाल र २ जना कार्यालय सहयोगीको व्यवस्था रहेको छ भने तथ्याङ्क शाखामा १ जना तथ्याङ्क अधिकृत, ४ जना सुपरिवेक्षक र ३ जना गणकको व्यवस्था रहेको छ। (चित्र १.१)

*चित्र १.१: तथ्याङ्क समन्वय कार्यालय, इलामको संगठन संरचना*




## १.९ तथ्याङ्क समन्वय कार्यालय, इलामको दरबन्दी तेरिज

तथ्याङ्क समन्वय कार्यालय, इलाममा कुल १५ जनाको स्वीकृत दरबन्दी रहेको छ (तालिका २)। कार्यालयले हाल उपलब्ध जनशक्तिको अधिकतम उपयोग गर्दै नियमित तथ्याङ्क सङ्कलन, विश्लेषण, प्रकाशन र वितरण जस्ता कार्यहरू निरन्तर संचालन गरिरहेको छ।

*तालिका २: तथ्याङ्क समन्वय कार्यालय, इलामको दरबन्दी तेरिज*

| क्र.सं. | पद | सेवा/समूह | श्रेणी | स्वीकृत दरबन्दी संख्या |
|---|---|---|---|---|
| १ | तथ्याङ्क समन्वय अधिकारी | नेपाल आर्थिक योजना तथा तथ्याङ्क/तथ्याङ्क | रा.प. द्वितीय (प्रा.) | १ |
| २ | तथ्याङ्क अधिकृत | नेपाल आर्थिक योजना तथा तथ्याङ्क/तथ्याङ्क | रा.प. तृतीय (प्रा.) | २ |
| ३ | सुपरिवेक्षक | नेपाल आर्थिक योजना तथा तथ्याङ्क/तथ्याङ्क | रा.प. अनं. प्रथम (प्रा.) | ४ |
| ४ | गणक | नेपाल आर्थिक योजना तथा तथ्याङ्क/तथ्याङ्क | रा.प. अनं. द्वितीय (प्रा.) | ३ |
| ५ | सहलेखापाल | नेपाल प्रशासन/लेखा | रा.प. अनं. द्वितीय (अ.प्रा.) | १ |

| क्र.सं. | पद | सेवा/समूह | श्रेणी | स्वीकृत दरबन्दी संख्या |
|---|---|---|---|---|
| ६ | खरिदार | नेपाल प्रशासन/सामान्य प्रशासन | रा.प. अन. द्वितीय (अ.प्रा.) | २ |
| ७ | कार्यालय सहयोगी | नेपाल प्रशासन/ सामान्य प्रशासन | श्रेणीविहीन (अ.प्रा.) | २ |
| | जम्मा: | | | १५ |

## १.१० तथ्याङ्क समन्वय कार्यालय, इलामका हालसम्मका कार्यालय प्रमुखहरुको नामावली

तथ्याङ्क समन्वय कार्यालय, इलामको पहिलो कार्यालय प्रमुखको रुपमा श्री प्रकाश पोखरेलले मिति २०८१/०४/०१ गतेदेखि मिति २०८१/०४/१८ गतेसम्म सेवा गर्नुभएको थियो। उहाँले यस कार्यालयको छोटो कार्य अवधिमा पनि कार्यालयको व्यवस्थापकीय तथा प्रशासनिक कार्यहरुमा ठूलो एवं महत्वपूर्ण योगदान पुर्याउनुभएको थियो। मिति २०८१/०४/१८ गते श्री प्रकाश पोखरेल सेवानिवृत्त हुनुभएको र तत्पश्चात यस कार्यालयका तथ्याङ्क अधिकृत श्री प्रेम नेपालले नि. तथ्याङ्क समन्वय अधिकारीको रुपमा कार्यालय प्रमुखको जिम्मेवारी प्राप्त गर्नुभएको थियो। तथ्याङ्क समन्वय कार्यालय, इलामका हालसम्मका कार्यालय प्रमुखहरुको नामावली यहाँ प्रस्तुत गरिएको छ ( तालिका ३)।

*तालिका ३: तथ्याङ्क समन्वय कार्यालय, इलामका हालसम्मका कार्यालय प्रमुखहरुको नामावली*

| क्र.सं. | पद | प्रमुखको नाम थर | अवधि | |
|---|---|---|---|---|
| | | | देखि | सम्म |
| १ | तथ्याङ्क समन्वय अधिकारी | श्री प्रकाश पोखरेल | २०८१/०४/०१ | २०८१/०४/१८ |
| २ | नि. तथ्याङ्क समन्वय अधिकारी | श्री प्रेम नेपाल | २०८१/०४/१२ | हाल सम्म |

## १.११ आर्थिक वर्ष २०८१/८२ को कर्मचारी विवरण

तथ्याङ्क समन्वय कार्यालय, इलाममा कुल १५ जनाको स्वीकृत दरबन्दी रहेकोमा आर्थिक वर्ष २०८१/८२ मा मिति २०८१/०४/१९ गतेदेखि मिति २०८२ असार मसान्तसम्म तथ्याङ्क समन्वय अधिकारीको पद रिक्त रहेको थियो भने सुपरिवेक्षकको १ पद आर्थिक वर्ष २०८१/८२ मा रिक्त रहेको थियो । तथ्याङ्क अधिकृतको रिक्त रहेको १ पद २०८२ कार्तिकमा र सहलेखापालको रिक्त रहेको पद २०८२ बैशाखमा पूर्ति भएको थियो । आर्थिक वर्ष २०८१/८२ को तथ्याङ्क समन्वय कार्यालय, इलामको कर्मचारी विवरण यहाँ प्रस्तुत गरिएको छ (तालिका ४)।

*तालिका ४: आर्थिक वर्ष २०८१/८२ को कर्मचारी विवरण*

| क्र.सं. | कर्मचारीको नाम थर | पद |
|---|---|---|
| १ | प्रेम नेपाल | नि. तथ्याङ्क समन्वय अधिकारी |
| २ | किरण कुमार राई | तथ्याङ्क अधिकृत/सूचना अधिकारी |
| ३ | जीत बहादुर कोईराला | सुपरिवेक्षक |
| ४ | युवराज महत | सुपरिवेक्षक |
| ५ | मान बहादुर बगाले थापा | सुपरिवेक्षक |
| ६ | अन्जना दहाल | सहलेखापाल |
| ७ | शारदा रिजाल | खरिदार |
| ८ | निशान भट्टराई | खरिदार |
| ९ | विनम भट्टराई | गणक |
| १० | रामेश्वर साह तेली | गणक |
| ११ | सुजाता साह | गणक |
| १२ | रमेश कुमार खत्री | का.स. |
| १३ | संजिता राई | का.स. |

## परिच्छेद २. प्रमुख कार्यक्रम तथा उपलब्धीहरु

### २.१ तथ्याङ्क समन्वय कार्यालय, इलामबाट आर्थिक वर्ष २०८१/८२ मा सम्पादित नियमित कार्यक्रमहरु

तथ्याङ्क समन्वय कार्यालय, इलामबाट नियमित रुपमा गरिने कार्यक्रमहरुमा त्रैमासिक तथा वार्षिक राष्ट्रिय लेखासम्बन्धी तथ्याङ्क सङ्कलन, कृषि वस्तुहरुको उत्पादकको मूल्य **(API)** सम्बन्धी तथ्याङ्क सङ्कलन, औद्योगिक उत्पादन तथा उत्पादकको मूल्य (MPI/PPI) सम्बन्धी तथ्याङ्क सङ्कलन र निर्माण सामाग्री लागत मूल्य सङ्कलन रहेका छन्। नियमित कार्यक्रमहरुमध्ये त्रैमासिक तथा वार्षिक राष्ट्रिय लेखासम्बन्धी तथ्याङ्क सङ्कलन कार्य राष्ट्रिय तथ्याङ्क कार्यालयको राष्ट्रिय लेखा शाखा तथा अन्य नियमित कार्यहरु राष्ट्रिय तथ्याङ्क कार्यालयको मूल्य तथ्याङ्क शाखा अन्तर्गतका कार्यक्रमहरु रहेका छन्। तथ्याङ्क समन्वय कार्यालय, इलामबाट आर्थिक वर्ष २०८१/८२ मा सम्पादित नियमित कार्यक्रमहरु देहायबमोजिम रहेका छन्।

### २.१.१ त्रैमासिक राष्ट्रिय लेखासम्बन्धी तथ्याङ्क सङ्कलन

राष्ट्रिय तथ्याङ्क कार्यालयले त्रैमासिक रूपमा राष्ट्रिय लेखाका अनुमानहरू सार्वजनिक गर्दै आइरहेको छ। त्रैमासिक राष्ट्रिय लेखा अनुमानको लागि तथ्याङ्क समन्वय कार्यालयले त्रैमासिक रूपमा आवश्यक पर्ने आर्थिक क्रियाकलापका विभिन्न क्षेत्रहरुको तथ्याङ्क सङ्कलन गरी राष्ट्रिय तथ्याङ्क कार्यालयको राष्ट्रिय लेखा शाखामा उपलब्ध गराउँदै आएको छ। तथ्याङ्क समन्वय कार्यालय, इलाममार्फत आर्थिक वर्ष २०८१/८२ मा अनुसूची १ वमोजिमको समय सीमामा रही अनुसूची-२ बमोजिमका क्षेत्रहरुबाट चारवटै त्रैमासिकहरुको राष्ट्रिय लेखासम्बन्धी तथ्याङ्क सङ्कलन कार्य सम्पन्न गरी **National Data Reporting System (NDRS)** मार्फत राष्ट्रिय तथ्याङ्क कार्यालयमा उपलब्ध गराईएको छ।

### २.१.२ कृषि वस्तुहरुको उत्पादकको मूल्य सूचकाङ्क (API) सम्बन्धी तथ्याङ्क सङ्कलन

राष्ट्रिय तथ्याङ्क कार्यालयले आर्थिक वर्ष २०७०/७१ देखि त्रैमासिक रूपमा कृषि वस्तुहरुको उत्पादनको मूल्य सूचकाङ्क निर्माण गर्दै आएको छ। यसका लागि जिल्ला स्थित तथ्याङ्क समन्वय कार्यालयमार्फत आवश्यक तथ्याङ्क सङ्कलन गर्ने गरिएको छ। त्रैमासिक रुपमा प्राप्त विवरणहरुको आधारमा राष्ट्रिय तथ्याङ्क कार्यालयले वार्षिक रुपमा पनि कृषि वस्तुहरुको उत्पादकको मूल्य सूचकाङ्क तयार गर्दछ।

कृषि वस्तुहरुको उत्पादनको मूल्य सूचकाङ्क निर्माणको लागि तथ्याङ्क समन्वय कार्यालय इलामले पाँचथर र इलाम जिल्लाका पाँच/पाँच जना अगुवा कृषकहरुबाट त्रैमासिक रूपमा विभिन्न कृषिजन्य उत्पादनको उत्पादक मूल्य सङ्कलन गरी राष्ट्रिय तथ्याङ्क कार्यालयको मूल्य तथ्याङ्क शाखालाई उपलब्ध गराउँदै आएको छ। आर्थिक वर्ष २०८१/८२ मा अनुसूची-३ वमोजिमको समय सीमामा रही अनुसूची-४ बमोजिमका अगुवा कृषकहरुबाट चारवटै त्रैमासिकहरुको कृषि वस्तुहरुको उत्पादकको मूल्य सम्बन्धी तथ्याङ्क सङ्कलन गरी राष्ट्रिय तथ्याङ्क कार्यालयलाई उपलब्ध गराउँदै आएको छ।

### २.१.३ औद्योगिक उत्पादन तथा उत्पादक मूल्य सूचकाङ्क (MPI/MPPI) सम्बन्धी तथ्याङ्क सङ्कलन

नेपालमा आर्थिक वर्ष २०३१/३२ देखि औद्योगिक उत्पादन सूचकाङ्क तथा आर्थिक वर्ष २०४३/४४ देखि औद्योगिक उत्पादक मूल्य सूचकाङ्क त्रैमासिक रूपमा निर्माण गरिँदै आएको छ। यी सूचकाङ्कहरु राष्ट्रिय तथ्याङ्क कार्यालयले नियमित रुपमा तयार पार्दछ। यसका लागि जिल्ला स्थित तथ्याङ्क समन्वय कार्यालयमार्फत राष्ट्रिय तथ्याङ्क कार्यालयले तोकेका औद्योगिक प्रतिष्ठानहरुबाट त्रैमासिक रुपमा आवश्यक तथ्याङ्क सङ्कलन गरिन्छ।
त्रैमासिक रुपमा प्राप्त विवरणहरुको आधारमा राष्ट्रिय तथ्याङ्क कार्यालयले वार्षिक रुपमा पनि औद्योगिक उत्पादन तथा उत्पादक मूल्य सूचकाङ्क तयार गर्दछ।

आर्थिक वर्ष २०८१/८२ मा औद्योगिक उत्पादन तथा उत्पादक मूल्य सूचकाङ्क निर्माणको लागि तथ्याङ्क समन्वय कार्यालय, इलामले झापा, इलाम र पाँचथरका जम्मा १५ वटा औद्योगिक प्रतिष्ठानहरुबाट त्रैमासिक रुपमा आवश्यक तथ्याङ्क सङ्कलन गरी राष्ट्रिय तथ्याङ्क कार्यालयको मूल्य तथ्याङ्क शाखालाई उपलब्ध गराउँदै आएको छ। यसका लगि अनुसूची-५ वमोजिमको समयसीमामा रही अनुसूची- ६ बमोजिमका औद्योगिक प्रतिष्ठानहरुबाट तथ्याङ्क सङ्कलन गरी कार्य सम्पन्न गरिएको छ।

### २.१.४ निर्माण क्षेत्रको लागत मूल्य सूचकाङ्क (IPICS) सम्बन्धी तथ्याङ्क सङ्कलन

राष्ट्रिय तथ्याङ्क कार्यालयले आर्थिक वर्ष २०५६/५७ देखि त्रैमासिक रूपमा निर्माण क्षेत्रको लागत मूल्य सूचकाङ्क निर्माण गर्दै आएको छ। यस सूचकाङ्क निर्माणको लागि निर्माण क्षेत्रमा प्रयोग गरिने सामग्रीहरूको प्रचलित बजार मूल्य तथा निर्माण कामदारहरू डकर्मी, सिकर्मी र ज्यामीको प्रचलित ज्यालादरसम्बन्धी विवरणहरु सङ्कलन गरिन्छ। यसका लागि जिल्ला स्थित तथ्याङ्क समन्वय कार्यालयमार्फत आवश्यक तथ्याङ्क सङ्कलन गरिन्छ। त्रैमासिक रुपमा प्राप्त विवरणहरुको आधारमा राष्ट्रिय तथ्याङ्क कार्यालयले वार्षिक रुपमा पनि निर्माण क्षेत्रको लागत मूल्य सूचकाङ्क तयार गर्दछ।

निर्माण क्षेत्रको लागत मूल्य सूचकाङ्क निर्माणको लागि तथ्याङ्क समन्वय कार्यालय, इलामले पाँचथर जिल्लाका विभिन्न व्यापारिक प्रतिष्ठानहरुबाट त्रैमासिक रूपमा निर्माण सामग्रीहरु सम्बन्धी मूल्य तथ्याङ्क सङ्कलन गरी राष्ट्रिय तथ्याङ्क कार्यालयको मूल्य तथ्याङ्क शाखामा उपलब्ध गराउँदै आएको छ। आर्थिक वर्ष २०८१/८२ मा अनुसूची - ७ वमोजिमको समयसीमामा रही अनुसूची- ८ बमोजिमका व्यापारिक प्रतिष्ठानहरुबाट चारवटै त्रैमासिकको निर्माण क्षेत्रको लागत मूल्य सूचकाङ्कसम्बन्धी तथ्याङ्क सङ्कलन गरी राष्ट्रिय तथ्याङ्क कार्यालयलाई उपलब्ध गराउने गरिएको छ।

### २.१.५ वार्षिक राष्ट्रिय लेखा

राष्ट्रिय तथ्याङ्क कार्यालयले हरेक वर्ष वार्षिक राष्ट्रिय लेखा अनुमान तयार गरी सार्वजनिक गर्दछ। वार्षिक राष्ट्रिय लेखा अनुमान तयार गर्नको लागि तथ्याङ्क समन्वय कार्यालयहरु तथा अन्य विभिन्न निकायहरुबाट आवश्यक तथ्याङ्क सङ्कलन गरिन्छ। तथ्याङ्क समन्वय कार्यालय, इलाम मार्फत तथ्याङ्क सङ्कलनका लागि राष्ट्रिय तथ्याङ्क कार्यालयले १० वटा क्षेत्रहरु र सो अन्तर्गत यस कार्यालयको कार्यक्षेत्र अन्तर्गतका ४ वटै जिल्लाहरुबाट गरेर जम्मा ४४ वटा आर्थिक कारोबारका एकाईहरु कायम गरेको छ। वार्षिक राष्ट्रिय लेखा तथ्याङ्कका लागि सबै क्षेत्रको तथ्याङ्क सङ्कलन गरी हरेक आर्थिक वर्षको चैत महिनाको पहिलो हप्तासम्ममा प्रविष्टि कार्य सम्पन्न गरी राष्ट्रिय तथ्याङ्क कार्यालयको राष्ट्रिय लेखा शाखामा पठाउनुपर्दछ।

आर्थिक वर्ष २०८१/८२ मा तोकिएको समयसीमामा रही अनुसूची ९ बमोजिमका आर्थिक एकाईहरुबाट वार्षिक राष्ट्रिय लेखा सम्बन्धी तथ्याङ्क सङ्कलन गरी राष्ट्रिय तथ्याङ्क कार्यालयमा उपलब्ध गराईएको छ।

## २.२ तथ्याङ्क समन्वय कार्यालय, इलामबाट आर्थिक वर्ष २०८१/८२ मा सम्पादित अन्य कार्यक्रमहरु

### २.२.१ अन्तर्राष्ट्रिय तुलना कार्यक्रम (International Comparision Program)

अन्तर्राष्ट्रिय तुलना कार्यक्रम अन्तर्गत नेपाली बजारमा उपलब्ध हुने वस्तुहरुको मूल्य विश्वका अन्य देशमा उपलब्ध हुने सोही प्रकृतिका सामानहरुको मूल्यसँग तुलना गर्नका लागि नेपालका निर्दिष्ट बजार केन्द्रहरुबाट विभिन्न वस्तुहरुको मूल्य सङ्कलन गर्ने कार्य गरिँदै आइएको छ। आर्थिक वर्ष २०८१/८२ मा तथ्याङ्क समन्वय कार्यालय, इलामबाट कार्यक्षेत्रका विभिन्न बजार केन्द्रहरुहरुबाट मासिक, त्रैमासिक, अर्धवार्षिक र वार्षिक रूपमा विभिन्न वस्तुहरुको मूल्य सङ्कलन गरी राष्ट्रिय तथ्याङ्क कार्यालयको मूल्य तथ्याङ्क शाखामा उपलब्ध गराउने कार्य सम्पन्न गरिएको थियो।

### २.२.२ गणना/सर्वेक्षण/अध्ययनहरू

राष्ट्रिय तथ्याङ्क कार्यालयले अघिल्ला बर्षहरुमा जस्तै आर्थिक वर्ष २०८१/८२ मा विभिन्न **गणना, सर्वेक्षण तथा अध्ययनहरू** सञ्चालन गरेको थियो। राष्ट्रिय तथ्याङ्क कार्यालयले सञ्चालन गर्ने **गणना, सर्वेक्षण तथा अध्ययनहरू**को लागि तथ्याङ्क समन्वय कार्यालयहरु मार्फत आवश्यक तथ्याङ्क संकलन गरिन्छ। यसरी सङ्कलित तथ्याङ्कलाई राष्ट्रिय तथ्याङ्क कार्यालयले तथ्याङ्कीय विधिहरु अपनाई प्रशोधन, विश्लेषण तथा सार्वजनिक गर्ने गर्दछ। आर्थिक वर्ष २०८१/८२ मा सञ्चालित गणना, **सर्वेक्षण तथा अध्ययनहरू**को लागि तथ्याङ्क समन्वय कार्यालय, इलाम अन्तर्गत कार्यक्षेत्र अन्तर्गतका जिल्लाहरुमा परेका सर्वेक्षण एकाईहरूबाट स्थलगत तथ्याङ्क सङ्कलन तथा सङ्कलित तथ्याङ्कको व्यवस्थापनको कार्य भएको थियो। आर्थिक वर्ष २०८१/८२ मा सञ्चालित सर्वेक्षणहरू निम्नानुसार रहेका छन्ः

- **राष्ट्रिय लेखा आधार वर्ष परिवर्तन (Rebasing) का लागि सञ्चालित गणना, सर्वेक्षण तथा अध्ययन कार्य**

  राष्ट्रिय लेखा शाखाबाट राष्ट्रिय लेखा प्रणालीले निर्दिष्ट गरे अनुसार विभिन्न आर्थिक क्रियाकलापहरूको लेखाजोखा गरी कुल गार्हस्थ उत्पादन र यसमा आधारित अन्य सूचकहरू अनुमान गरिन्छ। गतिशील आर्थिक गतिविधिलाई समय सापेक्ष रुपमा अद्यावधिक गरी यी सूचकहरूलाई भरपर्दो र विश्वसनीय बनाउन राष्ट्रिय लेखाको आधार वर्षलाई परिवर्तन गर्ने क्रममा वि.सं. २०७७/७८ लाई नयाँ आधार वर्ष तय गरी **System of National Account (SNA) 2008** अनुसार राष्ट्रिय तथ्याङ्क कार्यालयले विभिन्न ३२ वटा क्षेत्रमा गणना, सर्वेक्षण तथा अध्ययनहरू गर्ने लक्ष्य राखी कार्य सुरुवात गरेको छ। आर्थिक वर्ष २०८१/८२ मा राष्ट्रिय लेखा शाखाबाट प्राप्त जिल्ला अनुसारको क्षेत्रगत नमूना आकार र निर्देशिका अनुसारको नमूना छनौट गरी तथ्याङ्क सङ्कलन गरिएको थियो। राष्ट्रिय तथ्याङ्क कार्यालयले विभाजन गरेको जिल्लागत तथा क्षेत्रगत नमूना संख्या तालिका ५ मा प्रस्तुत गरिएको छ।

*तालिका ५: राष्ट्रिय लेखा आधार वर्ष परिवर्तनका लागि तोकिएका जिल्लागत तथा क्षेत्रगत नमूना संख्या*

| क्र.सं. | जिल्ला | क्षेत्र | | | | |
|---|---|---|---|---|---|---|
| | | डायग्नोष्टक सेवा | लेखापरिक्षण सेवा | वागवानी | नर्सरी | जम्मा |
| १ | ताप्लेजुङ | १ | १ | १ | १ | ४ |
| २ | पाँचथर | १ | १ | १ | १ | ४ |
| ३ | इलाम | १ | १ | १ | २ | ५ |
| ४ | झापा | २ | १ | २ | ४ | ९ |
| **जम्मा** | | **५** | **४** | **५** | **८** | **२२** |

❖ **आन्तरिक पर्यटन सर्वेक्षण, २०८१**

राष्ट्रिय तथ्याङ्क कार्यालयले पहिलोपटक आन्तरिक पर्यटन सर्वेक्षण, २०८१ सञ्चालन गरेको थियो। सर्वेक्षणका लागि तथ्याङ्क समन्वय कार्यालय, इलामको कार्यक्षेत्रका चारवटा जिल्लामा जम्मा २३ वटा गणनाक्षेत्र तोकिएकोमा आर्थिक वर्ष २०८१/८२ मा २१ वटा गणना क्षेत्रबाट मात्र तथ्याङ्क सङ्कलन कार्य सम्पन्न गरिएको थियो। सर्वेक्षणका क्रममा प्रत्येक गणना क्षेत्रबाट दुई चरणमा तथ्याङ्क सङ्कलन कार्य गरिएको थियो। पहिलो चरणमा तोकिएको गणना क्षेत्र भित्रका घरपरिवार सूचीकरण गरिएको थियो भने दोस्रो चरणमा मुख्य प्रश्नावली मार्फत् तथ्याङ्क सङ्कलन गरिएको थियो। घरपरिवार सूचीकरण कार्य अन्तर्गत तोकिएको गणना क्षेत्रमा बसोबास गर्ने सबै घरपरिवारहरु (

लगभग २५० घरपरिवार) मा पुगेर आन्तरिक पर्यटन सम्बन्धी प्रारम्भिक विवरणहरु सङ्कलन गरिएको थियो। दोस्रो चरणमा पहिलो चरणबाट प्राप्त सूचिका आधारमा Systematic Random Sampling विधिबाट नमूना छनौटमा परेका १२ वटा घरपरिवारहरुबाट आन्तरिक पर्यटनसँग सम्बन्धित विस्तृत विवरणहरु सङ्कलन गरिएको थियो। सूचिकरण तथा मुख्य फिल्ड कार्यमा Computer-Assisted Personal Interviewing (CAPI) विधिको प्रयोग गरिएको थियो। यसरी गत आर्थिक वर्षमा चारवटा जिल्लाका २१ वटा गणना क्षेत्रहरुबाट घरपरिवारहरुका प्रारम्भिक विवरण सहितको सूचीकरण कार्य गरिएको र प्रत्येक गणना क्षेत्रबाट १२ वटा परिवारका दरले जम्मा २५२ वटा घरपरिवारहरुबाट आन्तरिक पर्यटन सर्वेक्षणको विस्तृत विवरण सङ्कलन गरी राष्ट्रिय तथ्याङ्क कार्यालयको व्यापार तथ्याङ्क शाखामा उपलब्ध गराइएको थियो। आन्तरिक पर्यटन सर्वेक्षण, २०८१ को लागि तथ्याङ्क समन्वय कार्यालय, इलामको कार्यक्षेत्रका बाँकी २ वटा गणना क्षेत्रहरुको सूचिकरण तथा मुख्य फिल्ड कार्य चालु आर्थिक वर्षमा सञ्चालन गरिने कार्यक्रम रहेको छ।

## ❖ व्यवसायिक कुखुरापालन सर्वेक्षण

व्यवसायिक रुपमा कुखुरापालन व्यवसाय सञ्चालन गरिरहेका कृषक तथा कृषि फर्मको उत्पादन, लागत, बिक्री तथा व्यवसायको संरचना सम्बन्धी तथ्याङ्क संकलनको लागि राष्ट्रिय तथ्याङ्क कार्यालयको कृषि तथा पशुपंक्षी गणना शाखाले आर्थिक वर्ष २०८१/८२ मा व्यवसायिक कुखुरापालन सर्वेक्षण सञ्चालन गरेको थियो। व्यवसायिक कुखुरापालन सर्वेक्षणको पहिलो चरण अन्तर्गत तथ्याङ्क समन्वय कार्यालय, इलामको कार्यक्षेत्रका चार वटा जिल्लामा व्यवसायिक कुखुरापालन गर्ने व्यक्ति तथा फर्मको सूचीकरण कार्य सम्पन्न गरी राष्ट्रिय तथ्याङ्क कार्यालयमा उपलब्ध गराईएको थियो। दोस्रो चरणमा सर्वेक्षणको मुख्य फिल्ड कार्य अन्तर्गत राष्ट्रिय तथ्याङ्क कार्यालयबाट प्राप्त नमूना छनौट सूची अनुसार कार्यक्षेत्रका सबै जिल्लाहरुबाट छनौटमा परेका १५९ वटा गणना एकाइहरुको तथ्याङ्क सङ्कलन कार्य सम्पन्न गरी राष्ट्रिय तथ्याङ्क कार्यालयको कृषि तथा पशुपंक्षी गणना शाखालाई तथ्याङ्क उपलब्ध गराईएको थियो।

## ❖ नाफा नकमाई घरपरिवारलाई सहयोग गर्ने संस्थाहरू ( NPISHs) सम्बन्धी सर्वेक्षण

राष्ट्रिय तथ्याङ्क कार्यालयले आर्थिक वर्ष २०८१/८२ मा नाफा नकमाई घरपरिवारलाई सहयोग गर्ने संस्थाहरू ( Non-Profit Institutions Serving Households) को सर्वेक्षण कार्य सम्पन्न गरेको थियो। सर्वेक्षणका लागि तथ्याङ्क समन्वय कार्यालय, इलाम अन्तर्गत कार्यक्षेत्र अन्तर्गतका चार वटै जिल्लाहरुमा नमूना छनौटमा परेका १६६ वटा संस्थाहरूबाट तथ्याङ्क सङ्कलन कार्य गरिएको थियो। यस सर्वेक्षणमा धार्मिक तथा सामाजिक संघ-संस्था लगायत गैर-नाफामुखी संस्थाहरूको दर्ता, उद्देश्य, सेवा क्षेत्र र बजेट सम्बन्धी विवरणहरु सङ्कलन गरिएको छ।

❖ **नेपाल शिक्षण संस्था सर्वेक्षण, २०८१**

राष्ट्रिय तथ्याङ्क कार्यालयले आर्थिक वर्ष २०८१/८२ मा देशभर सञ्चालनमा रहेका शिक्षण संस्थाहरूको तथ्याङ्क सङ्कलन, प्रशोधन एवं विश्लेषण गरी अर्थतन्त्रमा यस क्षेत्रले पुर्याएको योगदानको मापन गर्न नेपाल शिक्षण संस्था सर्वेक्षण, २०८१ सञ्चालन गरेको छ। अन्य सर्वेक्षणहरुमा जस्तै नेपाल शिक्षण संस्था सर्वेक्षण, २०८१ को लागि तथ्याङ्क समन्वय कार्यालय, इलाम अन्तर्गत कार्यक्षेत्र अन्तर्गतका चार वटै जिल्लाहरुमा नमूना छनौटमा परेका २२४ वटा नीजि तथा सामुदायिक शिक्षण संस्थाहरूबाट तथ्याङ्क सङ्कलन तथा प्रविष्टि कार्य गरि प्रतिष्ठान गणना तथा सर्वेक्षण शाखालाई उपलब्ध गराईएको थियो।

❖ **आवासीय घर र अपार्टमेन्ट भाडा सर्वेक्षण, २०२४**

घरभाडाको अन्तर्राष्ट्रिय तुलना गर्न सर्वेक्षणको मामदण्ड बमोजिमका घर तथा अपार्टमेन्ट भाडासम्बन्धी तथ्याङ्क सङ्कलन गर्न आर्थिक वर्ष २०८१/८२ मा आवासीय घर र अपार्टमेन्ट भाडा सर्वेक्षण, २०२४ कार्यक्रम सञ्चालन गरिएको थियो। यस सर्वेक्षणका लागि कार्यक्षेत्र भित्र रहेका जिल्लाहरु मध्ये राष्ट्रिय तथ्याङ्क कार्यालयले तोकेको झापा जिल्लास्थित विर्तामोड नगरपालिका भित्रका बजार क्षेत्र तथा आवासीय क्षेत्र (वडा नम्बर ४ र ५ का कंचनजंघा, सयपत्री, इन्द्रेणी र आगमन टोल) बाट घरका प्रकार अनुसारका सर्वेक्षणको मापदण्ड बमोजिमका घरहरुबाट स्थलगत रुपमा तथ्याङ्क संकलन गरिएको थियो।

- **अस्थायी बाली उत्पादन लागत अध्ययन**

राष्ट्रिय तथ्याङ्क कार्यालयले आर्थिक वर्ष २०८१/८२ मा केही अस्थायी बालीको उत्पादन तथा मध्यवर्ती उपभोगको अनुपात अनुमान गरी अस्थायी बालीहरूले देशको अर्थतन्त्रमा पुर्याएको योगदानको मापन गर्न सहयोग पुग्ने उद्देश्यका साथ अस्थायी बाली उत्पादन लागत अध्ययन सञ्चालन गरेको थियो। यो सर्वेक्षणमा वर्षे धान, चैते धान, मकै, आलु, गहुँ, मुसुरो र कोदो गरी सात वटा अस्थायी बालीसँग सम्बन्धित लागत र आयसँग सम्बन्धित विवरणहरु सङ्कलन गरिएको थियो। अन्य सर्वेक्षणमा झैं यस सर्वेक्षणमा पनि तथ्याङ्क समन्वय कार्यालय, इलामले आफ्नो कार्यक्षेत्रका चार वटा जिल्लाको स्थलगत तथ्याङ्क संकलन तथा सुपरिवेक्षण कार्य सम्पन्न गरेको थियो। जसमा नमूना छनौटमा परेका जम्मा ११७ वटा कृषक परिवारहरुबाट स्थलगत तथ्याङ्क सङ्कलन, व्यवस्थापन तथा कम्प्युटरमा प्रविष्टि गर्ने कार्य भएको थियो।

### २.२.३ स्थानीय तहमा राष्ट्रिय तथ्यगत विवरण (NDP) कार्यान्वयनको अनुगमन

राष्ट्रिय तथ्यगत विवरण नेपालको भौगोलिक, प्राकृतिक, आर्थिक, सामाजिक, वातावरणीय तथा अन्य विविध पक्षहरुको चित्रण हुने गरी तथ्याङ्क तथा सूचनाहरु संग्रह एवं प्रवाह गर्ने अनलाइनमा आधारित एउटा एकिकृत डाटा पोर्टल हो। यसमा स्थानीय तह, प्रदेश तथा संघीय सरकारका विभिन्न निकायहरुबाट उत्पादित तथ्याङ्क रहने गर्दछन्। यसै सन्दर्भमा यस कार्यालय अन्तगर्तका स्थानीय तहहरुमार्फत राष्ट्रिय तथ्यगत विवरणमा तथ्याङ्क प्रविष्टि गराउन आवश्यक सहजिकरण गर्नका लागि यस कार्यालयको स्वीकृत वार्षिक कार्यक्रममा अघिल्ला वर्षहरुमा झैं आर्थिक वर्ष २०८१/८२ मा पनि यो कार्यक्रमलाई समावेश

गरिएको थियो। राष्ट्रिय तथ्यगत विवरणको सन्दर्भमा तथ्याङ्क समन्वय कार्यालय, इलामबाट आर्थिक वर्ष २०८१/८२ मा ताप्लेजुङ, पाँचथर, इलाम र झापा जिल्लाका विभिन्न स्थानीय तहहरुमा भ्रमण गरी तथ्याङ्क प्रविष्टि गर्न आवश्यक सहजिकरण गर्नुका साथै स्थानीय तहहरुबाट तथ्याङ्क प्रविष्टि भए-नभएको, पूर्णता र प्रमाणिकरण भए-नभएको विषयमा नियमित अनुगमन गरिएको थियो। अनुगमनका क्रममा NDP को कार्यान्वयनका सन्दर्भमा हालसम्म भएका उपलब्धी तथा समस्याहरुको पहिचान गरी राष्ट्रिय तथ्याङ्क कार्यालयमा सुझाव पेश गरिएको थियो।

### २.२.४ तथ्याङ्कीय व्यवसायिक रजिष्टर (SBR) अद्यावधिक कार्य

तथ्याङ्क समन्वय कार्यालय, इलामले आर्थिक वर्ष २०८१/८२ मा आफ्नो कार्यक्षेत्रका जिल्लाहरुमध्ये झापा र पाँचथर जिल्लाका सबै स्थानीय तहहरुका साथैघरेलु तथा साना उद्योग कार्यालय, उद्योग वाणिज्य संघ लगायत सम्बद्ध अन्य निकायहरुबाट तथ्याङ्कीय व्यवसायिक रजिष्टर निर्माणका लागि आवश्यक तथ्याङ्क सङ्कलन कार्य सम्पन्न गरेको थियो।

### २.२.५ मत्स्य तथा वन तथ्याङ्क अद्यावधिक कार्य

तथ्याङ्क समन्वय कार्यालय, इलामले आर्थिक वर्ष २०८१/८२ मा आफ्नो कार्यक्षेत्रका चार वटै जिल्लाको वनसम्बन्धी तथ्याङ्क अद्यावधिक गर्ने कार्य सम्पन्न गरेको छ। जसमा झापाबाट ५५, इलामबाट २४४, पाँचथरबाट १८३ र ताप्लेजुङबाट १३१ गरी जम्मा ६१३ वटा वनहरुको सूचीकरण कार्य सम्पन्न भएको छ। यसैगरी झापाबाट १२०३, इलामबाट ११३, पाँचथरबाट २८ र ताप्लेजुङबाट २९ गरी जम्मा १३७३ वटा पोखरीहरुको तथ्याङ्क समेत अद्यावधिक गर्ने कार्य सम्पन्न भएको छ।

### २.२.६ आर्थिक गणनाको प्रश्नावली परीक्षण

राष्ट्रिय तथ्याङ्क कार्यालयले आर्थिक वर्ष २०८२/८३ मा दोस्रो राष्ट्रिय आर्थिक गणना सञ्चालन गर्दैछ। आर्थिक वर्ष २०८१/८२ मा राष्ट्रिय आर्थिक गणना, २०८२ को लागि लागि तयार पारिएका दुई सेट नमूना प्रश्नावलीहरुको परीक्षण कार्यक्रम राखिएको थियो। तथ्याङ्क समन्वय कार्यालय, इलामले आफ्नो कार्यक्षेत्रका जिल्लामा आर्थिक कृयाकलाप गर्ने विभिन्न प्रतिष्ठानहरुबाट तथ्याङ्क सङ्कलन गरी आर्थिक गणनाका लागि तयार पारिएका दुवै सेट मस्यौदा प्रश्नावलीहरुको परीक्षण कार्य सम्पन्न गरेको थियो। यसमा दुवै सेटहरुबाट १४/१४ वटा फारामहरु गरी जम्मा २८ वटा फारमहरुमा परिक्षणका रुपमा तथ्याङ्क सङ्कलन गरी राष्ट्रिय तथ्याङ्क कार्यालयमा पठाइएको थियो।

### २.२.७ स्थानीय तहहरुको गणना क्षेत्र नक्साङ्कन तयारीका लागि भौगोलिक तथ्याङ्क संकलन

तथ्याङ्क समन्वय कार्यालय, इलामले आर्थिक वर्ष २०८१/८२ मा आफ्नो कार्यक्षेत्र अन्तर्गत इलाम जिल्लाको माईजोगमाई गाउँपालिका वडा नं. १, ३ र ५ को गणना क्षेत्र नक्साङ्कनको लागि आवश्यक भौगोलिक तथ्याङ्क सङ्कलन गरेको थियो। गणना क्षेत्रको नक्साङ्कनको लागि **ARC GIS** प्रणाली मार्फत डिजिटाईजेसन कार्य सम्पन्न गरिएको थियो।

### २.२.८ पालिका प्रोफाइल निर्माण

तथ्याङ्क समन्वय कार्यालय, इलामको आर्थिक वर्ष २०८१/८२ को स्वीकृत बार्षिक कार्यक्रम अन्तर्गत ३ वटा पालिकाहरुको पालिका प्रोफाइल निर्माणको लागि आवश्यक बजेट बिनियोजन भएको थियो। पालिका प्रोफाइलले पालिकाको जनसांख्यिक, आर्थिक, सामाजिक, भौगोलिक लगायतका पक्षहरूको वस्तुगत अवस्थालाई तथ्याङ्कीय रूपमा प्रस्तुत गर्दछ। आर्थिक वर्ष २०८१/८२ मा कार्यालयमा कामको चाप एवं कर्मचारीको अभावका कारण २ वटा पालिकाहरुको मात्र पालिका प्रोफाइल निर्माण गरिएको छ। यस अन्तर्गत ताप्लेजुङ जिल्लाको फुङलिङ नगरपालिका र इलाम जिल्लाको सन्दकपुर गाउँपालिकाको प्रोफाइल तयार गरी प्रकाशन गरिएको थियो।

### २.२.९ स्थानीय तहमा राष्ट्रिय तथ्यगत विवरण (NDP) को कार्यान्वयनसम्बन्धी समीक्षा गोष्ठी

तथ्याङ्क समन्वय कार्यालय, इलामले आर्थिक वर्ष २०८१/८२ मा झापा, इलाम, पाँचथर र ताप्लेजुङ जिल्लामा रहेका सबै स्थानीय तहमा कार्यरत कर्मचारीहरुलाई सहभागी गराई राष्ट्रिय तथ्यगत विवरणको कार्यान्वयन सम्बन्धी समीक्षा तथा समस्याका विषयमा छलफल तथा अन्तरक्रिया कार्यक्रम सञ्चालन गरेको थियो। यस कार्यक्रमको मुख्य उद्देश्य स्थानीय तहहरुलाई राष्ट्रिय तथ्यगत विवरणको प्रभावकारी कार्यान्वयनको लागि आवश्यक अभिमुखिकरण तथा सहजिकरण गर्नु हो। यो कार्यक्रम झापा, इलाम, पाँचथर र ताप्लेजुङ जिल्लामा अलग-अलग समयमा गरी ४ पटकमा सम्पन्न गरिएको थियो। यस कार्यक्रमको लाभान्वित स्थानीय तह संख्या झापा जिल्लाबाट १५, इलाम जिल्लाबाट ११, पाँचथर जिल्लाबाट ८ र ताप्लेजुङ जिल्लाबाट ७ गरी जम्मा ४१ जना रहेको छ।

### २.२.१० तथ्याङ्कीय साक्षरता तथा क्षमता अभिवृद्धि कार्यक्रम

तथ्याङ्क समन्वय कार्यालय, इलामले आर्थिक वर्ष २०८१/८२ मा झापा, इलाम, पाँचथर र ताप्लेजुङ जिल्लामा तथ्याङ्कीय साक्षरता तथा क्षमता अभिवृद्धि कार्यक्रम सम्पन्न गरेको थियो। तथ्याङ्क समन्वय कार्यालय, इलामका कार्यालय प्रमुखको अध्यक्षता एवं सम्बन्धित जिल्लाका प्रमुख जिल्ला अधिकारीको प्रमुख आथित्यता तथा सबै स्थानीय तहका कर्मचारीहरुका साथै विद्यालय एवं क्याम्पसका शिक्षक तथा विद्यार्थीहरु, सरकारी कार्यालयका कर्मचारीहरु लगायत विभिन्न सरोकारवालाहरुको सहभागीतामा तथ्याङ्कीय साक्षरता अभिवृद्धि गर्ने उद्देश्यले यो कार्यक्रम सञ्चालन गरिएको थियो। यो कार्यक्रम झापा, इलाम, पाँचथर र ताप्लेजुङ जिल्लामा अलग-अलग समयमा गरी ४ पटकमा सम्पन्न गरिएको थियो। यस कार्यक्रमको लाभान्वित संख्या झापा जिल्लाबाट ६५, इलाम जिल्लाबाट ८०, पाँचथर जिल्लाबाट ६० र ताप्लेजुङ जिल्लाबाट ७० गरी जम्मा २७५ जना रहेको छ।

## परिच्छेद ३. बजेट तथा भौतिक र वित्तीय प्रगति

आर्थिक वर्ष २०८१/८२ मा यस कार्यालयमा २८ वटा कार्यक्रमहरु विनियोजन भएको थियो। यी कार्यक्रमहरु बाहेक विविध शिर्षक अन्तर्गत २ वटा कार्यक्रमहरु थप भई आएका थिए। कार्यालयमा विनियोजन भएका कार्यक्रमहरुमध्ये आर्थिक गणनाको तथ्याङ्क आवश्यकता विषयमा सरोकारवालासँग अन्तरक्रिया कार्यक्रम कर्मचारीको अभाव र अन्य कार्यक्रमहरुको चापका कारणले सम्पन्न हुन सकेन। Ratio Mathod of Population Projection प्रयोग गरी तथ्याङ्क समन्वय कार्यालय अन्तर्गतका सबै स्थानीय तहहरुको Population Profile अद्यावधिक गर्ने कार्यक्रम जनसंख्या शाखाबाट Population Projection सम्बन्धी आवश्यक तथ्याङ्क उपलब्ध नभएकोले सम्पन्न हुन सकेन।

तथ्याङ्क समन्वय कार्यालय, इलामको विनियोजित वजेट तथा भौतिक र वित्तीय प्रगति यहाँ प्रस्तुत गरिएको छ ।

### ३.१ आर्थिक वर्ष २०८१/८२ को वजेट र खर्चको सारांश

आर्थिक वर्ष २०८१/८२ मा तथ्याङ्क समन्वय कार्यालय, इलामको लागि कुल रु. १ करोड ९२ लाख ५६ हजार वजेट विनियोजन भएको थियो जसमा चालु तर्फ रु. १ करोड ८७ लाख ५६ हजार विनियोजन भएकोमा रु. ५ लाख २४ हजार रकमान्तार थप भएको थियो भने पुँजीगत तर्फ रु. ५ लाख विनियोजन भएको थियो । विनियोजित वजेट मध्ये चालु तर्फ रु. १० लाख ४३ हजार ९ सय ९० र पुँजीगत तर्फ रु. १ लाख १८ हजार २ सय २० रोक्का भई खर्च गर्न नमिल्ने भएको थियो । आर्थिक वर्ष २०८१/८२ को वजेट र खर्चको सारांश यहाँ प्रस्तुत गरिएको छ (तालिका ६)।

*तालिका ६: आर्थिक वर्ष २०८१/८२ को वजेट र खर्चको सारांश*

| क्र.सं. | वजेट उपशिर्षक नं. | वजेट (रु.हजारमा) | रकमान्तर थप (रु.हजारमा) | रोक्का/खर्च गर्न नमिलेक (रु.हजारमा) | खर्च (रु.हजारमा) |
|---|---|---|---|---|---|
| १ | ३०१०८०१२३ | १८७५६ | ५२४ | १०४३.९९ | १२९७२.३३ |
| २ | ३०१०८०१२४ | ५०० | ० | ११८.२२ | ३७९.१६ |

## ३.२ भौतिक तथा वित्तीय प्रगति

आर्थिक वर्ष २०८१/८२ मा तथ्याङ्क समन्वय कार्यालय, इलामको भौतिक प्रगति चालुतर्फ ८९.६ प्रतिशत र पुँजीगततर्फ १०० प्रतिशत प्रगति भएको छ भने वित्तीय प्रगति चालुतर्फ ८२.७ प्रतिशत र पुँजीगततर्फ ९९.३१ प्रतिशत प्रगति भएको थियो (तालिका ७)।

*तालिका ७: भौतिक तथा वित्तीय प्रगति*

| भौतिक प्रगति ( %) | | वित्तीय प्रगति ( %) | |
|---|---|---|---|
| चालु | पुँजीगत | चालु | पुँजीगत |
| ८९.६ | १०० | ८२.७ | ९९.३१ |

*भौतिक तथा वित्तीय प्रगतिको गणना गर्दा अनिवार्य दायित्व समावेश गरिएको छैन ।*

## परिच्छेद ४. आर्थिक प्रशासन तथा जिन्सी

### ४.१ वेरुजु र वेरुजु फछ्र्यौंटको अवस्था

लेखा परिक्षणका क्रममा आर्थिक कारोवारमा देखिएको त्रुटि वा अनियमितता नै वेरुजु हो। आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ ले वेरुजुलाई असुल उपर गर्नुपर्ने, नियमित गर्नुपर्ने र पेश्की बाँकी गरी तीन प्रकारमा उल्लेख गरेको छ। तथ्याङ्क समन्वय कार्यालय, इलाममा आर्थिक वर्ष २०८१/८२ मा कुनै पनि किसिमको वेरुजु सिर्जना भएको थिएन।

### ४.२ जिन्सी सामानको व्यवस्थापन

जिन्सी सामानको प्रभावकारी व्यवस्थापनले जिन्सी सामानहरुको संरक्षण र सुरक्षामा सहयोग गर्नुका साथै खर्च नियन्त्रण र पारदर्शिता तथा उत्तरदायित्व कायम गर्न मद्दत गर्दछ। यस कार्यालयमा आर्थिक वर्ष २०८१/८२ मा साविकका तथ्याङ्क कार्यालय, पाँचथर र तथ्याङ्क कार्यालय, धनकुटाबाट जिन्सी सामानहरु हस्तान्तरण भएको थियो। यसैगरी, यस कार्यालयमा आर्थिक वर्ष २०८१/८२ मा उपलब्ध बजेटको अधिनमा रही केही जिन्सी सामानहरु खरिद गरी आम्दानी बाँधिएको थियो। साविकका तथ्याङ्क कार्यालयबाट प्राप्त भएका तथा खरिद गरिएका सामानहरु गरी आ.व. २०८१/८२ मा यस कार्यालयमा जम्मा ५१ किसिमका खर्च भएर नजाने जिन्सी सामानहरु मौज्दात रहेका थिए। यस कार्यालयमा सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (PAMS) मार्फत जिन्सी सामानको खरिद, दाखिला तथा अभिलेख व्यवस्थापनसम्बन्धी कार्यहरु गरिएको छ।

# परिच्छेद ५. प्रशासन तथा व्यवस्थापन

## ५.१ अभिलेख व्यवस्थापन

भविष्यमा उपयोगी हुने या नहुने, कुन अभिलेख कति उपयोगी या अनुपयोगी छन् भनि पहिचान गरी छुट्याउने, अनुपयोगीलाई धुल्याउने, उपयोगीलाई महत्वका आधारमा वर्गीकृत गरी भविष्यमा खोजेको बेला सहजै प्राप्त हुने गरी सुरक्षित रुपले भण्डारण गर्ने क्रियाकलापहरुको समग्रता नै अभिलेख व्यवस्थापन हो। यसले निर्णय प्रक्रियालाई सरल बनाउन, कार्यालयको कार्यदक्षता अभिबृद्धि गर्न, समय तथा लागतको बचत गर्न, कार्यालयको कर्मचारीको कार्यप्रगति मूल्याङ्कन गर्न तथा कार्यालयमा पारदर्शिता कायम राख्न मद्दत गर्दछ। अघिल्ला वर्षहरुमा झैं आर्थिक वर्ष २०८१/८२ मा यस कार्यालयमा प्रशासन, जिन्सी, लेखा लगायत अन्य विषयका अभिलेखहरु प्रचलित कानून बमोजिम सम्बन्धित कर्मचारीहरुबाट प्रभावकारी व्यवस्थापन गरिएको थियो ।

## ५.२ गुनासो तथा उजुरी व्यवस्थापन

सेवा प्रवाह तथा सरकारी निकायका सम्बन्धमा सेवाग्राहीबाट प्राप्त हुने गुनासो/ उजुरीको उचित सम्बोधन तथा भविष्यमा त्यस्ता गुनासो/उजुरी आउन नदिनका लागि गरिने सम्पूर्ण व्यवस्थापकीय कार्यलाई समग्रमा गुनासो/उजुरी व्यवस्थापन भनिन्छ।

यस कार्यालयमा सेवाग्राहीहरूसँग प्रत्यक्ष सम्वाद र पारदर्शिता सुनिश्चित गर्न कार्यालय परिसरमा सर्वसाधारणले सहज रूपमा प्रयोग गर्न सक्ने स्थानमा उजुरी पेटिका स्थापना गरिएको छ। यस कार्यालयमा आर्थिक वर्ष २०८१/८२ मा एउटा पनि गुनासो/उजुरी प्राप्त भएको छैन। सेवाप्रवाहका क्रममा उत्पन्न हुन सक्ने गुनासाहरूलाई गम्भीरतापूर्वक लिइन्छ र प्राप्त उजुरी तथा सुझावहरूको यथाशीघ्र समाधान गर्ने प्रयास गरिन्छ। यस प्रक्रियाबाट सेवाप्राप्तिमा पारदर्शिता, उत्तरदायित्व र सेवा गुणस्तरमा निरन्तर सुधार सुनिश्चित गर्न कार्यालय प्रतिबद्ध रहेको छ।

## ५.३ जनशक्ति व्यवस्थापन तथा तालिम

संगठनमा आवश्यक जनशक्तिको प्राप्ति, विकास, उपयोग र संभार गर्ने कार्यको समग्रतालाई जनशक्ति व्यवस्थापन भनिन्छ। जनशक्तिको परिपूर्ति गरी समयसमयमा तालिम प्रदान गरी कार्यालयको कामकारबाहीमा गुणस्तरीयता हाँसिल गर्न मद्दत गर्दछ। कार्यालयमा कार्यरत सबै अधिकांश कर्मचारीहरु आआफ्नो कार्य प्रकृति अनुसारको तालिम लिइसकेका तथा समय समयमा सरोकारको विषयमा तालिमको अद्यावधिक हुने गरेको छ। आर्थिक वर्ष २०८१/८२ मा यस कार्यालयका कर्मचारीहरुले लिएको तालिम सम्बन्धी विवरण तालिका ८ मा प्रस्तुत गरिएको छ।

*तालिका ८: आर्थिक वर्ष २०८१/८२ मा कर्मचारीहरुले लिएको तालिम सम्बन्धी विवरण*

| क्र.सं. | तालिम दिने संस्था | तालिम प्राप्त गर्ने कर्मचारी | तालिमको विषय | तालिम लिएको स्थान | कैफियत |
|---|---|---|---|---|---|
| १ | राष्ट्रिय तथ्याङ्क कार्यालय | प्रेम नेपाल | Hybrid Maize and Industrialization Promotion for Nepal | चीन | |
| २ | राष्ट्रिय तथ्याङ्क कार्यालय | प्रेम नेपाल | वेबसाईट निर्माण | धुलिखेल | |
| ३ | राष्ट्रिय तथ्याङ्क कार्यालय | प्रेम नेपाल | STATA | नुवाकोट | |

| | | | | | |
|---|---|---|---|---|---|
| ४ | राष्ट्रिय तथ्याङ्क कार्यालय | प्रेम नेपाल | LMBIS तथा COP | बुटवल | |
| ५ | राष्ट्रिय तथ्याङ्क कार्यालय | किरण कुमार राई | LMBIS तथा COP | बुटवल | |
| ६ | राष्ट्रिय तथ्याङ्क कार्यालय | जीत बहादुर कोईराला | MPISS | चितवन | |
| ७ | राष्ट्रिय तथ्याङ्क कार्यालय | जीत बहादुर कोईराला | मूल्य तथ्याङ्क | काभ्रे | |
| ८ | राष्ट्रिय तथ्याङ्क कार्यालय | जीत बहादुर कोईराला | Report Writing | काभ्रे | |
| ९ | राष्ट्रिय तथ्याङ्क कार्यालय | युवराज महत | SPSS | विराटनगर | |
| १० | राष्ट्रिय तथ्याङ्क कार्यालय | मान बहादुर थापा | व्यवसायिक कुखुरापालन र COP | लालगढ | |
| ११ | राष्ट्रिय तथ्याङ्क कार्यालय | रामेश्वर साह तेली | आन्तरिक पर्यटन सर्वेक्षण | काठमाडौं | |
| १२ | राष्ट्रिय तथ्याङ्क कार्यालय | शारदा रिजाल | आन्तरिक पर्यटन सर्वेक्षण | काठमाडौं | |
| १३ | राष्ट्रिय तथ्याङ्क कार्यालय | बिनम भट्टराई | आन्तरिक पर्यटन सर्वेक्षण | काठमाडौं | |
| १४ | राष्ट्रिय तथ्याङ्क कार्यालय | बिनम भट्टराई | NMICS | काठमाडौं | |
| १५ | राष्ट्रिय तथ्याङ्क कार्यालय | निशान भट्टराई | GIS | पोखरा | |
| १६ | राष्ट्रिय तथ्याङ्क कार्यालय | निशान भट्टराई | व्यवसायिक कुखुरापालन र COP | लालगढ | |
| १७ | राष्ट्रिय तथ्याङ्क कार्यालय | निशान भट्टराई | व्यवसायिक रजिष्टार | लालगढ | |
| १८ | राष्ट्रिय तथ्याङ्क कार्यालय | निशान भट्टराई | ICP | पोखरा | |
| १९ | राष्ट्रिय तथ्याङ्क कार्यालय | सुजाता साह | व्यवसायिक कुखुरापालन र COP | लालगढ | |
| २० | राष्ट्रिय तथ्याङ्क कार्यालय | सुजाता साह | NMICS | काठमाडौं | |

## ५.४ पुस्तकालय व्यवस्थापन

यस कार्यालयमा स्थापना कालदेखि नै पुस्तकालयको व्यवस्था गरिएको छ। पुस्तकालयमा राष्ट्रिय तथ्याङ्क कार्यालयको साथै अन्य सरकारी तथा गैरसरकारी निकायहरूबाट प्राप्त भएका प्रकाशनहरु तथा समय समयमा यस कार्यालयले प्रकाशन गरेका पुस्तकहरू संग्रह गरिएका छन्। यस्ता प्रकाशनहरुमा राष्ट्रिय तथ्याङ्क कार्यालयबाट सम्पन्न भएका राष्ट्रिय जनगणना, कृषि गणना, आर्थिक गणना, नेपाल जिवनस्तर सर्वेक्षण लगायतका विभिन्न गणना तथा सर्वेक्षणहरु सम्बन्धी पुस्तकहरु, ब्रोसरहरु, हाते पुस्तिकाहरु लगायत अन्य विभिन्न प्रकाशनहरु रहेका छन्। यी पुस्तकहरूले सरोकारवाला निकायहरुलाई विभिन्न नीति तथा योजना तर्जुमा गर्न, निर्णय निर्माण गर्न, विद्यार्थी, शिक्षक तथा अनुसन्धानकर्ताहरुलाई विभिन्न अध्ययन, अनुसन्धान तथा विश्लेक्षण गर्न, सञ्चार जगतलाई आम जनतामाझ तथ्याङ्कीय सूचनाहरु प्रवाह गर्न, गैरसरकारी संस्था, नागरिक समाज, राजनीतिक दल तथा निर्वाचित जनप्रतिनिधिहरुलाई समाजमा विद्यमान अवस्थाहरुको अध्ययन, आफ्नो कार्यक्षेत्रको लक्ष्य निर्धारण, कार्यको प्राथमिकीकरण, मूल्याङ्कन लगायतका कार्यहरु गर्नको लागि सहयोग गर्ने गरेको छ। आर्थिक वर्ष २०८१/८२ मा यस कार्यालयमा केही सेवाग्राहीहरुको निवेदन प्राप्त भएको र प्राप्त निवेदन बमोजिम सोही दिन कार्यालयमा उपलब्ध भएसम्मका प्रकाशन वितरण एवं पुस्तकालय सेवा उपलब्ध गराईएको थियो।

## परिच्छेद ६. समस्या, समाधानका उपायहरु, अवसर र चुनौतिहरु

तथ्याङ्क समन्वय कार्यालय, इलाममा देखिएका समस्याहरु एवं समाधानका उपायहरुका साथै अवसर र चुनौतीहरुलाई यस परिच्छेदमा प्रस्तुत गरिएको छ।

### ६.१ समस्या र समाधानका उपायहरु

तथ्याङ्क समन्वय कार्यालय, इलाममा विभिन्न किसिमका प्राविधिक, प्रशासनिक, आर्थिक लगायतका समस्याहरु विद्यमान रहेका छन्। कार्यालयमा देखिएका समस्या तथा तीनको समाधानका उपायहरु तालिका ९ मा प्रस्तुत गरिएको छ।

*तालिका ९: तथ्याङ्क समन्वय कार्यालय, इलामका समस्या र समाधानका उपायहरु*

| क्र.सं. | समस्याहरु | समाधानका उपायहरु |
|---|---|---|
| १. | कार्यालयमा चारपाङ्ग्रे तथा दुईपाङ्ग्रे सवारी साधनको अभाव रहेको छ। यसले तथ्याङ्क सङ्कलन, अनुगमन तथा अन्य तथ्याङ्कीय कार्यका साथै प्रशासनिक कार्यमा समेत नकारात्मक असर पर्ने गरेको छ। | कार्यालयको लागि एउटा चारपाङ्ग्रे सवारी साधन सहित भौगोलिक विकटतालाई सम्बोधन हुने गरी अफ रोडमा चलाउने किसिमको मोटरसाइकल खरिदको लागि पर्याप्त बजेटको व्यवस्था हुनुपर्ने। |
| २. | केही कर्मचारीहरूमा प्राविधिक एवं प्रशासनिक ज्ञानको कमी रहेको छ। | कर्मचारीहरूमा प्रविधिसम्बन्धी पर्याप्त ज्ञानको विकास गराउनको लागि समयसमयमा तालिमको व्यवस्था गरिनुपर्ने। |
| ३. | कार्यालयको आफ्नै भवन नभएकोले घरभाडामा लिई कार्यालय सञ्चालन भईरहेको अवस्थामा मुलतः व्यवस्थापकिय दृष्टिले कार्यालय सञ्चालनमा कठिनाई हुने गरेको छ। | कार्यालयको आफ्नै भवन निर्माणको लागि आवश्यक बजेटको व्यवस्था हुनुपर्ने। |
| ४. | दैनिक तथा भ्रमण भत्ता बापत पाउने रकम अत्यन्तै कम भई कार्य सम्पादनमा नकारात्मक प्रभाव पर्ने गरेको छ। | दैनिक तथा भ्रमण भत्ताको पुनरावलोकन गरी समयानुकुल बनाउनुपर्ने। |
| ५. | स्थानीय तहबाट तथ्याङ्क प्राप्त गर्न तथा तथ्याङ्कीय क्रियाकलाप गर्नमा समस्या रहेको छ। | तथ्याङ्क सेवा/समूहको जनशक्ति सहित सबै स्थानीय तहहरुमा तथ्याङ्कीय एकाईको व्यवस्था हुनुपर्ने। |
| ६. | उत्तरदाताहरुमा तथ्याङ्कीय सचेतनाको कमी रहेको छ। | विभिन्न माध्यमहरुको प्रयोग गरी उत्तरदाताहरुमा तथ्याङ्कीय साक्षरता अभिवृद्धि गर्ने। |

## ६.२ अवसर

- तथ्याङ्क ऐन, २०७९ तथा तथ्याङ्क नियमावली, २०८० ले तथ्याङ्क सम्बन्धी कानुनी आधार मजबुत बनाएको छ।
- तथ्याङ्क प्रणाली विकासका लागि राष्ट्रिय रणनीति, दोस्रो कार्यान्वयनमा आएको छ।
- स्थानीय तह तथा अन्य प्रयोगकर्ताहरुबाट तथ्याङ्कको माग बढ्दो रहेको छ।
- कार्यालयमा हाल तथ्याङ्क समन्वय अधिकारी बाहेकका अन्य सबै पदहरु पूर्ति भएकाले आगामी दिनमा कार्य सम्पादनमा सहजता हुन सक्ने सम्भावना रहेको छ।

## ६.३ चुनौतिहरु

- स्थानीय तहहरुबाट समयमै आवश्यक तथ्याङ्क प्राप्त गर्नु,
- उत्तरदाताहरुमा तथ्याङ्कीय सचेतनाको कमी रहेको तथा तथ्याङ्कीय भार बढेको अवस्थामा गुणस्तरीय तथ्याङ्क सङ्कलन गर्नु,
- दैनिक तथा भ्रमण भत्ता बापतको प्रचलित दरको रकममा तथ्याङ्क सङ्कलन तथा अनुगमन गर्नु,
- उपलब्ध सीमित बजेट अन्तर्गत रही भरपर्दो तथ्याङ्क सङ्कलन गर्नु,
- कामको चाप भएको र कर्मचारीको कमी भएको अवस्थामा तोकिएको समयमै तथ्याङ्क संकलन गरी राष्ट्रिय तथ्याङ्क कार्यालयमा उपलब्ध गराउनु।

## अनुसूची १

## त्रैमासिक राष्ट्रिय लेखा सम्बन्धी तथ्याङ्क सङ्कलन गर्ने र केन्द्रमा पठाउने समयसीमा

| क्र.सं. | अवधि | तथ्याङ्क सङ्कलन गर्ने समय | केन्द्रमा पठाउनु पर्ने समय |
|---|---|---|---|
| १ | पहिलो त्रैमासिक | कार्तिक तेस्रो हप्तासम्म | मंसिर तेस्रो हप्तासम्म |
| २ | दोस्रो त्रैमासिक | माघ तेस्रो हप्तासम्म | फाल्गुन तेस्रो हप्तासम्म |
| ३ | तेस्रो त्रैमासिक | वैशाख तेस्रो हप्तासम्म | जेष्ठ तेस्रो हप्तासम्म |
| ४ | चौथो त्रैमासिक | साउन तेस्रो हप्तासम्म | भदौ तेस्रो हप्तासम्म |

# अनुसूची २

## त्रैमासिक राष्ट्रिय लेखा सम्बन्धी तथ्याङ्क सङ्कलन गरिने कार्यालय/प्रतिष्ठान/संस्थाहरु

| क्र.सं. | क्षेत्र | कार्यालय/प्रतिष्ठान/संस्था | जिल्ला | पालिका |
|---|---|---|---|---|
| १ | कृषि | कृषि ज्ञान केन्द्र | ताप्लेजुङ | फुङलिङ न.पा. |
| २ | | | पाँचथर | फिदिम न.पा. |
| ३ | | | इलाम | इलाम न.पा. |
| ४ | | | झापा | भद्रपुर न.पा. |
| ५ | पशु तथा भेटेरिनरी | भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र | ताप्लेजुङ | फुङलिङ न.पा. |
| ६ | | | पाँचथर | फिदिम न.पा. |
| ७ | | | इलाम | इलाम न.पा. |
| ८ | | | झापा | भद्रपुर न.पा. |
| ९ | तारे होटल | **Hotel Mechi Crown** | झापा | मेचीनगर न.पा. |
| १० | | **Hotel The KingsBury** | झापा | विर्तामोड न.पा. |
| ११ | | **Siddhartha Hotel Grand City** | झापा | विर्तामोड न.पा. |
| १२ | | **Hotel Holiday Home** | झापा | विर्तामोड न.पा. |
| १३ | | **Hotel Hill Tower** | इलाम | सूर्योदय न.पा. |
| १४ | | **Hotel Eastern Grande** | झापा | मेचीनगर न.पा. |
| १५ | गैर तारे होटल तथा रेष्टुरेन्ट | **Hotel Annapurna** | ताप्लेजुङ | फुङलिङ न.पा. |
| १६ | | **Hotel Highway & Khaja Ghar** | ताप्लेजुङ | फुङलिङ न.पा. |
| १७ | | **New Hotel UK** | पाँचथर | फिदिम न.पा. |
| १८ | | **Yes Boss Sekuwa Corner & Khaja Ghar** | पाँचथर | फिदिम न.पा. |
| १९ | | **Hotel Green View** | इलाम | इलाम न.पा. |
| २० | | **Nanglo Food Corner** | इलाम | इलाम न.पा. |
| २१ | | **Muskan Restaurant Bar & Lodge** | इलाम | सूर्योदय न.पा. |
| २२ | | **Sonam Hotel Restaurant & Bar** | इलाम | सूर्योदय न.पा. |
| २३ | | **Hotel Accom** | इलाम | सूर्योदय न.पा. |
| २४ | | **Cafe Brewz** | इलाम | सूर्योदय न.पा. |
| २५ | | **Hotel Moonstar** | झापा | मेचीनगर न.पा. |
| २६ | | **KBR Restro & Bar** | झापा | बुद्धशान्ति गा.पा. |
| २७ | | **Hotel Daniel** | झापा | विर्तामोड न.पा. |
| २८ | | **B&B Restaurant & Food House** | झापा | विर्तामोड न.पा. |
| २९ | | **7 Ocean Hotel** | झापा | दमक न.पा. |
| ३० | | **Green Cafe & Family Restaurant** | झापा | दमक न.पा. |
| ३१ | खानेपानी उपभोक्ता समिति | ताप्लेजुङ वृहत खानेपानी तथा सरसफाइ उपभोक्ता समिति | ताप्लेजुङ | फुङलिङ न.पा. |
| ३२ | | फिदिम खानेपानी तथा सरसफाइ उपभोक्ता समिति | पाँचथर | फिदिम न.पा. |
| ३३ | | इलाम बजार शहरी खानेपानी तथा सरसफाइ उपभोक्ता समिति | इलाम | इलाम न.पा. |
| ३४ | | फिक्कल खानेपानी तथा सरसफाइ उपभोक्ता समिति | इलाम | सूर्योदय न.पा. |
| ३५ | | खानेपानी तथा सरसफाइ उपभोक्ता समिति भद्रपुर | झापा | भद्रपुर न.पा. |
| ३६ | | विर्तामोड साना शहरी खानेपानी तथा सरसफाइ उपभोक्ता समिति | झापा | विर्तामोड न.पा. |
| ३७ | | सुरुङ्गा खानेपानी तथा सरसफाइ उपभोक्ता समिति | झापा | कन्काइ न.पा. |
| ३८ | | खानेपानी तथा सरसफाइ उपभोक्ता समिति दमक | झापा | दमक न.पा. |
| ३९ | यातायात | यातायात व्यवस्था सेवा कार्यालय, इलाम | इलाम | इलाम न.पा. |
| ४० | | यातायात व्यवस्था सेवा कार्यालय, झापा | झापा | विर्तामोड न.पा. |

## अनुसूची ३

## कृषि वस्तुहरुको उत्पादकको मूल्य सूचकाङ्क सम्बन्धी तथ्याङ्क सङ्कलन गर्ने र केन्द्रमा पठाउनुपर्ने समयसीमा

| क्र.सं. | अवधि | तथ्याङ्क सङ्कलन गर्ने समय | केन्द्रमा पठाउनु पर्ने समय |
|---|---|---|---|
| १ | पहिलो त्रैमासिक | असोज तेस्रो हप्तासम्म | कार्तिक तेस्रो हप्तासम्म |
| २ | दोस्रो त्रैमासिक | पुष तेस्रो हप्तासम्म | माघ तेस्रो हप्तासम्म |
| ३ | तेस्रो त्रैमासिक | चैत्र तेस्रो हप्तासम्म | वैसाख तेस्रो हप्तासम्म |
| ४ | चौथो त्रैमासिक | असार तेस्रो हप्तासम्म | साउन तेस्रो हप्तासम्म |

## अनुसूची ४

## कृषि वस्तुहरुको उत्पादकको मूल्य सूचकाङ्क सम्बन्धी तथ्याङ्क सङ्कलन गरिने अगुवा कृषकहरुको विवरण

| क्र.सं. | जिल्ला | कृषकको नाम | पालिका | वार्ड नं. | टोल |
|---|---|---|---|---|---|
| १ | पाँचथर | छविलाल पोखेल | याङवरक गापा | ४ | थर्पु, वरडाँडा |
| २ | | सुर्यदिप सम्बाहाम्फे | कुम्मायक गापा | १ | याशोक |
| ३ | | प्रेम चापाँगाई | फिदिम नपा | १२ | नाँगिन, डेरी चोक |
| ४ | | कमल मुखिया | फाल्गुनन्द गापा | २ | पौवा भञ्याङ |
| ५ | | अभिशेक राई | फाल्गुनन्द गापा | ३ | राँके |
| ६ | इलाम | सविनबाबु श्रेष्ठ | देउमाई नपा | ३ | पैरे भञ्याङ |
| ७ | | प्रकाश पराजुली | सन्दकपुर गापा | ३ | सुलुबुङ, लुरिङटार |
| ८ | | भिष्म मैनाली | इलाम नपा | ९ | भञ्याङ |
| ९ | | उमेश पौडेल | सूर्योदय नपा | ११ | करफोक |
| १० | | केशवराज लुइटेल | रोङ गापा | ३ | कुटीडाँडा |

## अनुसूची ५

## औद्योगिक उत्पादन तथा उत्पादकको मूल्य सूचकाङ्क (MPI/PPI) सम्बन्धी तथ्याङ्क सङ्कलन गर्ने र केन्द्रमा पठाउने समयसीमा

| क्र.सं. | अवधि | तथ्याङ्क सङ्कलन गर्ने समय | केन्द्रमा पठाउनु पर्ने समय |
|---|---|---|---|
| १ | पहिलो त्रैमासिक | असोज तेस्रो हप्तासम्म | कार्तिक तेस्रो हप्तासम्म |
| २ | दोस्रो त्रैमासिक | पुष तेस्रो हप्तासम्म | माघ तेस्रो हप्तासम्म |
| ३ | तेस्रो त्रैमासिक | चैत्र तेस्रो हप्तासम्म | वैसाख तेस्रो हप्तासम्म |
| ४ | चौथो त्रैमासिक | असार तेस्रो हप्तासम्म | साउन तेस्रो हप्तासम्म |

## अनुसूची ६

## औद्योगिक उत्पादन तथा उत्पादकको मूल्य सूचकाङ्क (MPI/PPI) सम्बन्धी तथ्याङ्क सङ्कलन गरिने प्रतिष्ठानहरुको विवरण

| क्र.सं. | प्रतिष्ठानको नाम | जिल्ला | पालिका | टोल |
|---|---|---|---|---|
| १ | गणेश स मिल | झापा | बिर्तामोड न.पा. | चारपाने |
| २ | डाँफे टी प्रोसेसिङ क.प्रा.लि. | झापा | भद्रपुर न.पा. | चन्द्रगढी |
| ३ | जगदम्बा टी प्रोसेसिङ प्रा.लि. | झापा | भद्रपुर न.पा. | महेशपुर |
| ४ | कालिका टी स्टेट प्रा.लि. | झापा | भद्रपुर न.पा. | चन्द्रगढी |
| ५ | खगेन्द्र काष्ठ उद्योग | झापा | बिर्तामोड न.पा. | अनारमनी |
| ६ | मनोज प्लाइउड उद्योग | झापा | बिर्तामोड न.पा. | चारपाने |
| ७ | मित्तल टी स्टेट प्रा.लि. | झापा | कचनकवल गा.पा. | पथरिया |
| ८ | मोडर्न टी इन्डस्ट्रिज प्रा.लि. | झापा | भद्रपुर न.पा. | महेशपुर |
| ९ | पराजुली टी इन्डस्ट्रिज प्रा.लि. | झापा | भद्रपुर न.पा. | महेशपुर |
| १० | पथिभरा भेनियर | झापा | बिर्तामोड न.पा. | चारपाने |
| ११ | सतिघट्टा टी स्टेट | झापा | मेचिनगर न.पा. | ज्यामिरगढी |
| १२ | सुर्य एग्रो | झापा | मेचिनगर न.पा. | धाइजन |
| १३ | त्रिशक्ति इन्डस्ट्रिज | झापा | भद्रपुर न.पा. | भद्रपुर |
| १४ | हिमालयन साङ्रिला टी प्रोड्युसर्स प्रा.लि. | इलाम | इलाम न.पा. | साखेजुङ |
| १५ | इलाम टी प्रोड्युसर्स प्रा.लि. | इलाम | सूर्योदय न.पा. | पाँचकन्या |
| १६ | कञ्चनजङ्घा टी इस्टेट एण्ड रिसर्च सेन्टर प्रा.लि. | पाँचथर | फिदिम न.पा. | फिदिम |

## अनुसूची ७

## निर्माण क्षेत्रको लागत मूल्य सूचकाङ्क सम्बन्धी तथ्याङ्क सङ्कलन गर्ने र केन्द्रमा पठाउने समयसीमा

| क्र.सं. | अवधि | तथ्याङ्क सङ्कलन गर्ने समय | केन्द्रमा पठाउनु पर्ने समय |
|---|---|---|---|
| १ | पहिलो त्रैमासिक | भदौ तेस्रो-चौथो हप्तासम्म | कार्तिक तेस्रो हप्तासम्म |
| २ | दोस्रो त्रैमासिक | मंसिर तेस्रो-चौथो हप्तासम्म | माघ तेस्रो हप्तासम्म |
| ३ | तेस्रो त्रैमासिक | फाल्गुन तेस्रो-चौथो हप्तासम्म | वैसाख तेस्रो हप्तासम्म |
| ४ | चौथो त्रैमासिक | जेठ तेस्रो-चौथो हप्तासम्म | साउन तेस्रो हप्तासम्म |

## अनुसूची ८

## निर्माण क्षेत्रको लागत मूल्य सूचकाङ्क सम्बन्धी तथ्याङ्क सङ्कलन गरिने प्रतिष्ठानहरुको विवरण

| क्र.सं. | प्रतिष्ठानको नाम | जिल्ला | पालिका |
|---|---|---|---|
| १ | फिदिम नगरपालिका प्राविधिक शाखा (जिल्ला दरभाउ दर) | पाँचथर | फिदिम न.पा. |
| २ | मिम्सुमा टेडर्स | पाँचथर | फिदिम न.पा. |
| ३ | जय अम्बे सप्लायर्स एण्ड टेडर्स | पाँचथर | फिदिम न.पा. |
| ४ | लक्ष्मि हार्डवयर | पाँचथर | फिदिम न.पा. |
| ५ | फेदेम सप्लायर्स | पाँचथर | फिदिम न.पा. |
| ६ | गोल्डेन सप्लायर्स | पाँचथर | फिदिम न.पा. |
| ७ | मनकामना फर्निचर | पाँचथर | फिदिम न.पा. |
| ८ | याक्थुङ फर्निचर उद्योग | पाँचथर | फिदिम न.पा. |
| ९ | दर्सन काष्ट फर्निचर उद्योग | पाँचथर | फिदिम न.पा. |
| १० | डायमन फर्निचर | पाँचथर | फिदिम न.पा. |
| ११ | अधिकारी स मिल | पाँचथर | फिदिम न.पा. |
| १२ | गितान्जलि सप्लायर्स | पाँचथर | फिदिम न.पा. |
| १३ | रवि दाईको पसल | पाँचथर | फिदिम न.पा. |
| १४ | फिदिम इलेक्ट्रनिक्स | पाँचथर | फिदिम न.पा. |
| १५ | गणेश ईलोट्रोनिक्स | पाँचथर | फिदिम न.पा. |
| १६ | न्यौपाने सिसा पसल | पाँचथर | फिदिम न.पा. |
| १७ | आयुसा भेराईटिज | पाँचथर | फिदिम न.पा. |
| १८ | डी. एन. कन्ट्रक्सन | पाँचथर | फिदिम न.पा. |
| १९ | सञ्जिव निर्माण सेवा | पाँचथर | फिदिम न.पा. |
| २० | निर्माण व्यसायी संघ | पाँचथर | फिदिम न.पा. |
| २१ | सिंहलिला कन्स्ट्रक्सन | पाँचथर | फिदिम न.पा. |
| २२ | अधिकारी निर्माण सेवा | पाँचथर | फिदिम न.पा. |
| २३ | न्यु प्रताप इन्जिनियरिङ एण्ड ग्रिल | पाँचथर | फिदिम न.पा. |
| २४ | पाथिभरा ग्रिल स्टिल तथा जिप्सम उद्योग | पाँचथर | फिदिम न.पा. |
| २५ | नयन इन्जिनियरिङ | पाँचथर | फिदिम न.पा. |

## अनुसूची ९
## वार्षिक राष्ट्रिय लेखाका लागि तथ्याङ्क सङ्कलन गरिने प्रतिष्ठानहरुको विवरण

**सामुदायिक वन**

| क्र.सं. | जिल्ला | गा.पा./न.पा. | वडा नं. | टोल |
|---|---|---|---|---|
| १ | ताप्लेजुङ | फुङलिङ | 4 | तोक्मेडाँडा |
| २ | ताप्लेजुङ | मिक्वाखोला | 1 | खोक्लिङ |
| ३ | पाँचथर | फाल्गुनन्द | 3 | चिम्फुला |
| ४ | पाँचथर | फिदिम | 11 | |
| ५ | पाँचथर | तुम्बेवा | 2 | |
| ६ | इलाम | इलाम | | भाल्डुङ्गा |
| ७ | इलाम | रोङ | 3 | हर्कटे |
| ८ | इलाम | माइजोजगाइ | 1 | नयाँबजार |
| ९ | इलाम | सन्दकपुर | 2 | |
| १० | इलाम | देउमाइ | 6 | |
| ११ | इलाम | | | |
| १२ | इलाम | | | |
| १३ | झापा | कचनकवल | 3 | दुर्गाभिट्टा |
| १४ | झापा | हल्दिबारी | 2 | |
| १५ | झापा | भद्रपुर | 9 | |
| **4/5 Star Hotels** | | | | |
| **क्र.सं.** | **जिल्ला** | **गापा नपा** | **वडा नं.** | **टोल** |
| १ | झापा | मेचिनगर | 11 | |
| २ | झापा | बिर्तामोड | 3 | पश्चिम लाइन |
| ३ | इलाम | सुर्योदय | 4 | श्रीअन्तु |
| **Other Stars** | | | | |
| **क्र.सं.** | **जिल्ला** | **गापा नपा** | **वडा नं.** | **टोल** |
| १ | झापा | बिर्तामोड | | |
| २ | झापा | बिर्तामोड | 5 | मुक्ति चोक |
| ३ | झापा | मेचिनगर | 3 | |
| **गैह्र तारे होटल** | | | | |
| **क्र.सं.** | **जिल्ला** | **गापा नपा** | **वडा नं.** | **टोल** |
| १ | ताप्लेजुङ | फुङलिङ | 4 | दोबाटो |
| २ | ताप्लेजुङ | फुङलिङ | 4 | |
| ३ | ताप्लेजुङ | फुङलिङ | 4 | तोक्मेडाँडा |
| ४ | ताप्लेजुङ | फुङलिङ | 4 | न्यूरोड |
| ५ | पाँचथर | फिदिम | 1 | |
| ६ | पाँचथर | फिदिम | 1 | |

| क्र.सं. | जिल्ला | गा.पा./न.पा. | वडा नं. | टोल |
|---|---|---|---|---|
| ७ | पाँचथर | फिदिम | 1 | |
| ८ | पाँचथर | फिदिम | 2 | |
| ९ | झापा | भद्रपुर | 10 | चन्द्रगढी |
| १० | झापा | शिवसताक्षी | 10 | माइधार |
| ११ | झापा | कमल | 5 | |
| १२ | झापा | अर्जुनधारा | 11 | बसपार्क जाने बाटो |
| १३ | झापा | अर्जुनधारा | 11 | बसपार्क जाने बाटो |
| **चिस्यान केन्द्र** | | | | |
| **क्र.सं.** | **जिल्ला** | **गापा नपा** | **वडा नं.** | **टोल** |
| १ | पाँचथर | फालेलुङ | 8 | याङनाम |
| २ | झापा | दमक | 4 | चिया दोकान |
| FM | | | | |
| **क्र.सं.** | **जिल्ला** | **गापा नपा** | **वडा नं.** | **टोल** |
| १ | ताप्लेजुङ | फुङलिङ | 4 | |
| २ | पाँचथर | फिदिम | 4 | |
| ३ | इलाम | इलाम | 7 | |
| **Cables** | | | | |
| **क्र.सं.** | **जिल्ला** | **गापा नपा** | **वडा नं.** | **टोल** |
| १ | ताप्लेजुङ | फुङलिङ | 7 | |
| २ | पाँचथर | फिदिम | 4 | |
| **सहकारी** | | | | |
| **क्र.सं.** | **जिल्ला** | **गापा नपा** | **वडा नं.** | **टोल** |
| १ | ताप्लेजुङ | फुङलिङ | 4 | |
| २ | पाँचथर | फिदिम | 1 | |
| ३ | इलाम | इलाम | 7 | |
| **पालिका** | | | | |
| १ | ताप्लेजुङ | फक्ताङ्लुङ्ग गाउँपालिका | | |
| २ | ताप्लेजुङ | आठराई त्रिवेणी गाउँपालिका | | |
| ३ | पाँचथर | फिदिम नगरपालिका | | |
| ४ | पाँचथर | कुम्मायक गाउँपालिका | | |
| ५ | इलाम | ईलाम नगरपालिका | | |
| ६ | इलाम | चुलाचुली गाउँपालिका | | |
| ७ | इलाम | रोङ गाउँपालिका | | |
| ८ | झापा | शिवसताक्षी नगरपालिका | | |
| ९ | झापा | कमल गाउँपालिका | | |
| १० | झापा | गौरादह नगरपालिका | | |
| ११ | झापा | गौरिगञ्ज गाउँपालिका | | |

| क्र.सं. | जिल्ला | गा.पा./न.पा. | वडा नं. | टोल |
|---|---|---|---|---|
| १२ | झापा | दमक नगरपालिका | | |
| १३ | झापा | झापा गाउँपालिका | | |
| १४ | झापा | बाह्रदशी गाउँपालिका | | |
| १५ | झापा | अर्जुनधारा नगरपालिका | | |
| १६ | झापा | कन्काई नगरपालिका | | |

# अनुसूची १०
## केही फोटोहरु

*१. तथ्याङ्क समन्वय कार्यालय, इलामका पहिलो कार्यालय प्रमुख एवं कार्यालय परिवार*




*२. भौगीलिक सूचना प्रणाली (GIS) सम्बन्धी तालिम, पोखरा*



३. राष्ट्रिय तथ्यगत विवरणको कार्यान्वयन सम्बन्धी समिक्षा गोष्ठी, ताप्लेजुङ




४. राष्ट्रिय तथ्यगत विवरणको कार्यान्वयन सम्बन्धी समिक्षा गोष्ठी, पाँचथर




५. राष्ट्रिय तथ्यगत विवरणको कार्यान्वयन सम्बन्धी समिक्षा गोष्ठी, इलाम



६. राष्ट्रिय तथ्यगत विवरणको कार्यान्वयन सम्बन्धी समिक्षा गोष्ठी, झापा




७. व्यवसायिक कुखुरापालन सर्वेक्षण र अस्थायी वाली उत्पादन लागत अध्ययन सम्बन्धी तालिम, लालगढ



८. वार्षिक राष्ट्रिय लेखा सम्बन्धी तथ्याङ्क सङ्कलन, झापा



९. अस्थायी वाली उत्पादन लागत अध्ययन सम्बन्धी तथ्याङ्क सङ्कलन, मैवाखोला, ताप्लेजुङ



१०. आन्तरिक पर्यटन सर्वेक्षण सम्बन्धी तथ्याङ्क सङ्कलन, माङसेबुङ, इलाम



११. नेपाल बहुसूचक सर्वेक्षण (NMICS), झापा




१२. तथ्याङ्कीय साक्षरता तथा क्षमता अभिवृद्धि सम्बन्धी अन्तरक्रियात्मक गोष्ठी, इलाम



१३. तथ्याङ्कीय साक्षरता तथा क्षमता अभिवृद्धि सम्बन्धी अन्तरक्रियात्मक गोष्ठी, ताप्लेजुङ



१४. तथ्याङ्कीय साक्षरता तथा क्षमता अभिवृद्धि सम्बन्धी अन्तरक्रियात्मक गोष्ठी, पाँचथर

